सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० जेठ २०८२, शनिबार (2M ay 25 atu day) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ४१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



रविलाई थुनामुक्त गर्न सर्वोच्चको अस्वीकार

■ न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको इजलासले भन्यो–



नहकुल सुवेदी बालकृष्ण ढकाल

'...तहाँ (उच्च अदालत तुलसीपुरको बुटवल इजलास) अदालतबाट निवेदक प्रतिवादीहरू रवि लामिछाने र छविलाल जोशीलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी पुर्पक्षका लागि थुनामा राखी मुद्दाको कारबाही र किनारा गर्ने गरी भएको मिति २०८१/१२/२२ को आदेश बेरीतको नदेखिँदा बदर गरिरहनुपरेन । कानुनबमोजिम गर्नू ।'

■ न्यायाधीशमाथि टीकाटिप्पणी नगर्न 'चेतावनी'

रविलाई थुनामा पठाउने गरी उच्च अदालतबाट भएको आदेश दिने न्यायाधीशहरूमाथि टीकाटिप्पणी भएको विषयमा पनि ध्यानाकर्षण भएको सर्वोच्चले जनाएको छ । सञ्चारमाध्यम र सामाजिक सञ्जालमा अशोभनीय तथा लाञ्छनापूर्ण टीकाटिप्पणी गरिएको भन्दै संवेदनशील हुन भनेको छ । '...अदालतका आदेश र फैसलाहरूउपर स्वच्छ र रचनात्मक टिप्पणीहरू सदैव अपेक्षित नै हुने भए तापनि नियोजित ढंगले न्यायाधीशहरूको मानमर्दन गर्ने र जनमानसमा भ्रमपूर्ण सन्देश प्रवाह गर्ने प्रकृतिका क्रियाकलापबाट न्याय सम्पादनको कार्यमा अनपेक्षित अवरोध हुन जाने भएकाले त्यसतर्फ संवेदनशील रहनका लागि यो आदेश जारी गरिएको छ ।'



■ साढे ३ बजे सकियो सुनुवाइ, साढे ८ बजे आयो आदेश

रविको मुद्दामा के आदेश आउँछ भन्नेमा सर्वत्र चासो थियो । जसकारण उनका समर्थकहरू भैरहवा कारागारअगाडिदेखि सर्वोच्च अदालतमा समेत जम्मा भएका थिए । तीन दिनदेखि भएको सुनुवाइ शुक्रबार करिब साढे तीन बजे नै सकिएको थियो । तर, सर्वोच्चबाट आदेश आउन करिब पाँच घण्टा लाग्यो । बेलुका साढे ८ बजे मात्र सर्वोच्चले आदेश तयार गरेको थियो ।

शिल्पा कर्ण/नयाँ पत्रिका

पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई थुनाबाहिरै बसेर मुद्दा लड्ने सुविधा दिन सर्वोच्च अदालतले अस्वीकार गरेको छ । तीन दिनसम्म चलेको सुनुवाइपछि शुक्रबार सर्वोच्चले रविलाई थुनामै राखी पुर्पक्ष गर्न आदेश गरेको छ । थुनाबाहिर रहेर मुद्दा लड्न गरिएको माग

» पृष्ठ २ मा क्रमशः

सहकारीमा सञ्चालक नै रहेका जो धरौटीमा छुटे



देवकुमार नेपाली माया राई अञ्जला कोइराला मीना गुरुङ

बागलुङको ढोरपाटन नगरपालिकाका मेयर सूर्यदर्शन सहकारीका पूर्वअध्यक्ष हुन् । उनीविरुद्ध एक करोड ५४ लाख ४९ हजार ८३९ रुपैयाँ बिगो मागदाबी गरिएको थियो । बिहीबार मात्रै उनलाई २० लाख धरौटीमा रिहा गर्ने आदेश भएको छ । जिबी राईकै स्वर्णलक्ष्मी सहकारीको दुई कार्यकाल सञ्चालक रहेकी काग्रेस सांसद माया राई दुई साताअघि मात्र १० लाख रुपैयाँ धरौटीमा छुटेकी थिइन् । उनी सहकारीको सहसचिव थिइन् । मोरङको उमागौरी सहकारीकी तत्कालीन सञ्चालक अञ्जला पोखरेल एक दिन पनि थुनामा बस्नुपरेन । एमाले सांसद ऋषिकेश पोखरेलकी पत्नी उनी अदालतमा उपस्थित भएकै दिन १० लाख धरौटीमा रिहा भइन् । पोखराको सूर्यदर्शन सहकारीकी तत्कालीन सञ्चालक पूर्वप्रदेश सांसद मीना गुरुङ पाँच लाख धरौटीमै छुटिन् ।

सुप्रिमकै अरू बाहिर, रवि भित्र

बुटवलस्थित सुप्रिम सहकारीको रकम हिनामिनासम्बन्धी रवि लामिछाने प्रतिवादी रहेको मुद्दामा सहकारीका सञ्चालक, व्यवस्थापक तथा कर्मचारीहरू भने न्यूनतम धरौटीमा छुटिसकेका छन् । तत्कालीन सञ्चालक राजु बराल धरौटीमा छुटेका छन् । हाल उनी सिन्धुलीको फिक्कल गाउँपालिकाका उपाध्यक्ष छन् । उनी जिबी राईको कोर टिममा बसेर काम गर्दथे । सोही सहकारीका पूर्वसचिव दीपेश पुन चार लाख र पूर्वसञ्चालक मजहर मोहम्मद एक लाख रुपैयाँ धरौटीमा छुटिसकेका छन् । त्यस्तै, सुप्रिमको भैरहवा शाखाका व्यवस्थापक दुर्गा पाण्डेय चापागाईं १८ लाख, कर्मचारीहरू नवीन अछामी १० लाख, दीपक न्यौपाने चार लाख ४५ हजार, नीता थापा दुई लाख, रोशनी गुरुङ दुई लाख, आशिष रानाभाट ५० हजार, मनोहर मोहम्मद ३४ हजार धरौटीमा छुटिसकेका छन् । जिबी राईका सबै सहकारीमा आइटी प्रमुख रहेका भवीश्वर अर्याल १८ लाख ४० हजार धरौटीमा छुटेका थिए ।



राजु बराल दीपेश पुन

■ भिजिट भिसामा संगठित र संस्थागत असुली

गृहमन्त्रीको सचिवालयसम्म बिचौलियाको सिधा सम्पर्क

बिचौलियाका मोबाइलबाट संवाद र बैंकिङ कारोबारको तथ्य सार्वजनिक हुने डरले गृह मन्त्रालयमा हलचल

गृहमन्त्री लेखकको बर्खास्ती माग गर्दै प्रधानमन्त्री कार्यालयमा उजुरी, सर्वोच्चमा रिट

नयाँ पत्रिका

विमानस्थलस्थित अध्यागमन कार्यालयबाट भिजिट भिसामा हुने असुली संगठित र संस्थागत रूपमै चलिरहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रारम्भिक छानबिनमा देखिएको छ । सेटिङमा संलग्न कर्मचारी मात्र नभई बिचौलियाको समेत गृहमन्त्री रमेश लेखकको सचिवालयसम्म सिधा सम्पर्क भेटिएको छ । बिचौलियाका मोबाइलबाट संवाद र बैंकिङ कारोबारको तथ्य सार्वजनिक हुने त्रासले गृह मन्त्रालयमा हलचल मच्चिएको छ ।

अनुसन्धानका प्रारम्भिक तथ्यहरूले भिजिट भिसा प्रक्रियामा व्यापक अनियमितता, मिलेमतो र शक्तिकेन्द्रसम्मको संलग्नता देखाएका छन् । बिचौलियामार्फत विभिन्न तह बनाएर आर्थिक लेनदेन हुने गरेको पनि अख्तियारको प्रारम्भिक छानबिनले पुष्टि गरेको छ ।



०८० चैत ६ मा सदनमा रमेश लेखक

अनुसन्धानमा पाइएअनुसार अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराईले ट्राभल एजेन्सी तथा एजेन्टमार्फत आउने घुस कारोबारका लागि आफूसँग निकट केही व्यक्तिहरूको बैंक खाता प्रयोग गर्ने गरेका थिए । भट्टराईले लिएको घुस रकम व्यवस्थापनमा संलग्न भक्तपुरका खगेन्द्र सुवेदी र बानेश्वरकी कविता पौडेललाई आयोगले नियन्त्रणमा लिई सोधपुछ गरेको छ । भट्टराईसँग निकट सुवेदी

» पृष्ठ २ मा क्रमशः

■ 'प्रश्न उठेपछि राजीनामा दिनुपर्छ' भन्दै सदनमा 'उपदेश' दिन्थे लेखक

अहिलेका गृहमन्त्री रमेश लेखक काग्रेस प्रतिपक्षमा हुँदा प्रमुख सचेतक थिए । त्यतिबेला उनी मन्त्रीहरूमाथि प्रश्न उठेपछि 'राजीनामा दिएर अनुसन्धानमा सहयोग गर्नुपर्छ' भन्दै संसद्मा वकालत गर्थे । खास गरेर रास्वपा सभापति एवं तत्कालीन उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको नाम सहकारी प्रकरणमा जोडिएपछि लेखक पटकपटक यस्ता माग गरिरहन्थे । अहिले भिजिट भिसामा विदेश पठाउँदा हुने अवैध असुलीको सेटिङ गृहमन्त्रीसम्मै भएको भन्दै सार्वजनिक रूपमा प्रश्न उठेको छ । तर, उनी मौन छन् । सत्ताबाहिर हुँदा उनले सदनमा दिएका केही नैतिकताका अभिव्यक्तिहरू यस्ता छन् :

०८० फागुन २४ कुनै मन्त्रीमाथि यदि अनुसन्धान प्रारम्भ भयो, कुनै ठाउँबाट प्रश्न उठ्यो भने त्यो मन्त्रीले राजीनामा गर्नुपर्छ । यसअगाडि प्रतिपक्षमा रहनुभएका साथीहरूले पनि स्थापित गर्नुभएको छ । अब के गर्नुहुन्छ ?

०८० चैत २ सदनमा स्थापित भइसकेको छ- यदि कुनै माननीय मन्त्री कुनै पनि अनुसन्धानको दायराभित्र, छानबिनको घेराभित्र पर्नुभएको छ र राज्य त्यो ढंगले अगाडि बढ्नुपर्ने स्थिति छ भने त्यस्तो माननीय मन्त्रीलाई आफ्नो पदमा बसिराख्ने हक हुँदैन ।

०८० चैत ६ यसै सदनले यसभन्दा पहिला स्थापित गरिसकेको छ कि कुनै पनि माननीय मन्त्री यदि कुनै अनुसन्धानको घेरामा आउनुभयो, प्रश्न उठ्यो, राज्यको कुनै निकायले यदि अनुसन्धान गर्ने स्थिति भयो भने त्यस्तो माननीय मन्त्रीजी पदमा रहन पाउनुहुन्न, रहनुहुन्न । त्यसकारण गृहमन्त्रीले राजीनामा गर्नुपर्छ । यसअघि रामशरण महत अर्थमन्त्री भएका वेला विदेशी बैंकमा खाता छ भन्ने प्रश्न उठ्दा उहाँले राजीनामा दिएको इतिहास यही संसद्मा छ । माननीय शेरबहादुर तामाङजी मन्त्री हुँदा बोल्दा केही कुरा बिग्रियो, बेठिक बोल्नुभयो भनेर प्रश्न उठेपछि उहाँले राजीनामा दिनुभएको इतिहास पनि छ । माननीय गोकुल बाँस्कोटाजीमाथि प्रश्न उठ्दा छानबिनका लागि राजीनामा दिएर मार्गप्रशस्त गर्नुभएको यसै संसद्को इतिहास हो । पछिल्लो समय जनार्दन शर्मा अर्थमन्त्री हुँदा बजेटबारे प्रश्न उठ्यो । उहाँले राजीनामा गर्नुभयो र यहाँ छानबिन समिति गठन भयो ।

तीनकुने घटनामा १०८ विरुद्ध मुद्दा सिफारिस

संगठित अपराध, ज्यानसम्बन्धी कसुर, आपराधिक उपद्रव र राज्यविरुद्धको अपराधअन्तर्गत मुद्दा चलाउन सिफारिस, आइतबार अदालतमा मुद्दा दर्ता गरिने





राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर राणा तथा व्यवसायी दुर्गा प्रसाईंलाई सो घटनाका योजनाकारका रूपमा प्रहरीले अभियोजन गर्न प्रस्ताव गरेको छ । प्रसाईं थुनामै छन् भने मिश्र र राणा हाजिरी जमानीमा छुटेका छन् ।



● **अपिलराज बोहरा**, एसपी, जिल्ला प्रहरी परिसर, काठमाडौं

१०८ जनालाई मुद्दा चलाउन सिफारिस गरेका छौं । जसमा ९० जनालाई अदालतमा उपस्थित गराउँछौं, १८ जना फरार छन् ।

नयाँ पत्रिका

दुई महिनाअघि काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक प्रदर्शनसँग सम्बन्धित घटनामा १०८ जनाविरुद्ध मुद्दा चलाउन जिल्ला प्रहरी परिसर, काठमाडौंले सिफारिस गरेको छ । प्रहरीका अनुसार उनीहरूमाथि संगठित अपराध, ज्यानसम्बन्धी कसुर, आपराधिक उपद्रव र राज्यविरुद्धको अपराधअन्तर्गत मुद्दा चलाउन सिफारिस भएको छ ।

गत १५ चैतको घटनामा प्रहरीले राप्रपाका नेतासहित १०८ जनाको संलग्नता औंल्याएको छ । '१०८ जनालाई मुद्दा चलाउन सिफारिस गरेका छौं,' जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी अपिलराज बोहराले भने, 'जसमा ९० जनालाई अदालतमा

» पृष्ठ २ मा क्रमशः

झन्नयाँ

ब्लक नम्बर ४ मा रविको दिनचर्या

दिनभर पढ्छन्, पीडितको बचत फिर्ता नभएकोमा चिन्ता गर्छन्





अभिनेता विजय बरालको आत्मसमीक्षा

मिर्गौला दिएर आमा बचाउने विजया

२२ वर्षको कलिलो उमेरमै दिएकी थिइन् आमालाई मिर्गौला



उखान-टुक्का संरक्षण गर्न कानुन बनाउँदै सरकार

विधेयकमा उखान-टुक्कासहित १२ प्रकारका अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गर्न कानुनी आधार दिने व्यवस्था

● विधेयकको प्रस्तावनामा भनिएको छ–

नेपालमा बसोबास गर्ने व्यक्ति, समूह वा समुदायले आफ्नो सांस्कृतिक सम्पदाको अभिन्न अंगका रूपमा स्वीकार गरी परम्परागत रूपमा अभ्यास तथा पुस्तान्तरण गर्दै आएका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान गरी संरक्षण र प्रवर्द्धन गर्न

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले उखान-टुक्कालगायत अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्न कानुनको मस्यौदा संघीय संसद्मा पेस गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी व्यवस्थाका लागि तयार पारिएको विधेयक राष्ट्रिय सभामा दर्ता गराएका हुन् ।

विधेयकको प्रस्तावनामा नेपालमा बसोबास गर्ने व्यक्ति, समूह वा समुदायले आफ्ना सांस्कृतिक परम्पराका रूपमा अभ्यास गर्दै आएका सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन गर्न कानुन आवश्यक भएको उल्लेख छ । 'नेपालमा बसोबास गर्ने व्यक्ति, समूह वा समुदायले आफ्नो सांस्कृतिक सम्पदाको

» पृष्ठ २ मा क्रमशः



अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२०८१

संघीय संसद सचिवालय
संसद भवन, सिंहदरबार
२०८२, बैशाख

१

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी व्यवस्थाका लागि तयार पारिएको विधेयक राष्ट्रिय सभामा शुक्रबार दर्ता गराएको बताए । उनका अनुसार विधेयकमा उखान-टुक्कासहित १२ प्रकारका अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गर्न कानुनी आधार दिने व्यवस्था गरिएको छ ।

■ यी हुन् **विधेयकमा समावेश १२ अभौतिक सांस्कृतिक सम्पदा**

अभौतिक सांस्कृतिक सम्पदाको परिभाषामा पहिलोमा पुर्स्तौंदेखि बोल्दै, सुन्दै, सुनाउँदै आएको ज्ञान, कथा, गीत, कविता, भनाइ, उखान-टुक्का, किंवदन्ती, मौखिक इतिहास वा यस्तै प्रकृतिका मौखिक परम्परा वा अभिव्यक्ति भनिएको छ ।

दोस्रोमा अभिनय वा मञ्चन कला, तेस्रोमा सामाजिक अभ्यास, अनुष्ठान, जात्रा वा पर्व, चौथोमा प्राकृतिक स्रोतको उपयोग, उपचार पद्धति, ज्योतिष विज्ञान, खगोल विज्ञान, पर्यावरणीय ज्ञान वा यस्तै प्रकृतिका प्रकृति र ब्रह्माण्डसम्बन्धी ज्ञान भनिएको छ ।

पाँचौंमा कलात्मक सामग्रीको उत्पादन वा सांस्कृतिक प्रयोजनका लागि आवश्यक वस्तु तथा सामग्री निर्माणमा प्रयोग हुने सीप वा कलाकौशल, छैटौंमा परम्परागत खेल, सातौंमा खाद्य परिकार तथा खाद्य परिकार तयार गर्ने सीप, आठौंमा पहिरन वा आभूषणसम्बन्धी ज्ञान, नवौंमा सांस्कृतिक पथ उल्लेख छ ।

दसौंमा पुनर्जीवित गरी प्रचलनमा ल्याउन सकिने लोपोन्मुख सांस्कृतिक अभिव्यक्ति, कला, अभ्यास, ज्ञान, कलाकौशल, सीप वा सांस्कृतिक पथ, एघारौंमा लोपोन्मुख तथा हाल अभ्यासमा नरहेका, तर अभिलेखीकरण गरी संरक्षण गर्न सकिने सांस्कृतिक अभिव्यक्ति, कला, अभ्यास, ज्ञान, कलाकौशल, सीप वा सांस्कृतिक पथ र बाह्रौं प्रकारमा अभौतिक सांस्कृतिक सम्पदाको अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल भनिएको छ ।

■ थटीटोल पुऱ्याइयो रातो मत्स्येन्द्रनाथको रथ



वर्षा र सहकालका देवता रातो मत्स्येन्द्रनाथको रथलाई ललितपुरको लगनखेलस्थित थटीटोलमा पूजाअर्चना गर्दै श्रद्धालु । रथजात्रा हरेक वर्ष वैशाख शुक्ल प्रतिपदादेखि असार शुक्ल चौथीसम्म करिब दुई महिना चल्छ । १८ वैशाखमा पुल्चोकबाट तान्न सुरु गरिएको रथ ललितपुर नगर परिक्रमा गराउँदै जावलाखेलमा पुऱ्याएर भोटो देखाएर समापन गरिन्छ । त्यसपछि मत्स्येन्द्रनाथलाई बुइमती पुऱ्याइन्छ । बाजागाजासहित पुल्चोकबाट सुरु हुने रथयात्रा गाःबहाल सुन्धारा, गाःबहाल मंगलबजार सुन्धारा, चक्रवहिल हुँदै लगनखेलस्थित थटीटोलमा लगेर राखिन्छ । थटीटोलमा रहेको रथ अब नयाँ साइत हेरेर भोटो देखाउनका लागि कुमारीपाटी हुँदै जावलाखेलतर्फ लगिन्छ । रथ जावलाखेलमा पुऱ्याएको चौथो दिन हरेक वर्ष भोटो देखाउने प्रचलन छ ।

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

पोखरामा युवा संघको महाधिवेशन सुरु

प्रतिगमनको कुचेष्टालाई धुलोपिठो बनाइन्छ : प्रधानमन्त्री ओली



पोखरामा **रोहितराज पराजुली**

'प्रधानमन्त्रीलाई भाग्न हेलिकोप्टरको सुविधा दिनेजस्ता उत्ताउलो कुरा पनि गरेका छन्। म भन्न चाहन्छु- कुनै पनि प्रतिगमनको कुचेष्टालाई धुलोपिठो बनाइन्छ। त्यस्ता प्रयास रोक्न अग्रभागमा युवा संघ आउनुपर्छ। कुनै पनि समय हामी त्यस्ता प्रयासलाई नियन्त्रण गर्न अगाडि बढ्नुपर्ने हुन्छ। तयारी अवस्थामा रहन म सबैलाई आग्रह गर्छु।'

प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले राजावादीहरूको आन्दोलनतर्फ लक्षित गर्दै प्रतिगमनको कुचेष्टालाई धुलोपिठो बनाइने चेतावनी दिएका छन्। १५ जेठमा राजावादीहरूले काठमाडौंमा प्रदर्शनको तयारी गरिरहेका वेला प्रधानमन्त्री ओलीले त्यसमा दमन हुन सक्ने जनाउ दिए।

शुक्रबारदेखि पोखरामा सुरु भएको एमालेको युवा संगठन युवा संघ नेपालको दसौं राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्दै ओलीले जनताले फालिसकेको राजतन्त्र अब फर्कने कुनै सम्भावना नरहेको र फर्काउन चाहने प्रयास रोक्न युवा संघ अगाडि आउनुपर्ने बताए। ओलीले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई जवाफ पनि दिए।

'प्रधानमन्त्रीलाई भाग्न हेलिकोप्टरको सुविधा दिनेजस्ता उत्ताउलो कुरा पनि गरेका छन्। म भन्न चाहन्छु- कुनै पनि प्रतिगमनको कुचेष्टालाई धुलोपिठो बनाइन्छ। त्यस्ता प्रयास रोक्न अग्रभागमा युवा संघ आउनुपर्छ। कुनै पनि समय हामी त्यस्ता प्रयासलाई नियन्त्रण गर्न अगाडि बढ्नुपर्ने हुन्छ,' ओलीले भने, 'तयारी अवस्थामा रहन म सबैलाई आग्रह गर्छु।' राप्रपा अध्यक्ष लिङ्देनले केही दिनअघि राजतन्त्र पुनर्स्थापनाका लागि आन्दोलन गरिने र प्रधानमन्त्री देश छाडेर भाग्न चाहे हेलिकोप्टरको व्यवस्था गरिदिने बताएका थिए।

प्रधानमन्त्री ओलीले देशबाट जनताले राजतन्त्र उल्टाएर फालिसकेको र नयाँ संविधान बनेर राष्ट्रपति आइसकेकाले अब राजतन्त्रको सपना नदेख्न पनि चेतावनी दिए। 'राजावादी पार्टी, संघसंस्थाले १५ जेठबाट राजालाई सिंहासनमा राख्छन् रे। देशको राजसिंहासन गइसक्यो अब घरमै सिंहासन बनाएर राख्ने होला,' उनले भने।

प्रधानमन्त्री ओलीले नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति जगमान गुरुङलाई पनि जवाफ दिए। 'पूर्वराजाको कुण्डली मात्रै हेरेर हुँदैन। जनताको कुण्डली हेर्नुपर्छ। ज्योतिषीहरूले मेरो कुण्डली पनि हेरे हुन्छ। राजसिंहासनको कल्पना अब हुन्न। नेपाली जनताले फालिसकेको राजतन्त्र अब फर्कन्न। राजतन्त्रविरुद्ध लडेका हामी यस देशमा छँदै छौं, प्रतिगमनका त्यस्ता सपना नदेख्न म आग्रह गर्छु,' उनले भने।

भदौ लागेपछि भ्यागुता ट्वार-ट्वार गरेजस्तै भदौ सकिएपछि ट्वार-ट्वारसमेत समाप्त हुने उल्लेख गर्दै ओलीले राजतन्त्रको भ्रममा पर्नुपर्ने आवश्यकता नरहेकाले ट्वार-ट्वार गर्नेहरूको स्वर केही समयका लागि मात्र भएको र पछि आफैं बन्द हुने बताए।

ओलीले झुटा लाञ्छना लगाएर जनतालाई एमालेबाट टाढा बनाउन एक समूह लागेको आरोप पनि लगाए। 'एमालेमाथि आन्तरिक र बाह्य पक्षहरू तथा विरोधीहरूले केन्द्रीकृत र चौतर्फी आक्रमण गरेका छन्। एमालेले गल्ती गरेको भए अहिले हामी जुन ठाउँमा छौं, त्यस ठाउँमा आउन दिने थिएनन्। एमाले सही नीति, सुशासन र विकासका निम्ति काम गर्ने पार्टी हो। एमालेको पक्षमा बोल्दा झोले भनेर हतोत्साहित गर्नेहरूको भ्रम र अन्योलमा नपरी आफ्ना कर्तव्य पूरा गर्न म आग्रह गर्दछु,' उनले भने।

अध्यक्षका लागि पाँचजनाको दाबी

युवा संघको नेतृत्वका लागि वर्तमान अध्यक्ष क्षितिज थेबे, उपाध्यक्षहरू प्रकाश गौतम, कृष्णहरि केसी, महाराज गुरुङ र महासचिव सुमन पुरीले दाबी गरेका छन्। तर, ओलीले सर्वसम्मत रूपमा नयाँ नेतृत्व चयन गर्न निर्देशन दिएका छन्। ११ जेठसम्म चल्ने महाधिवेशनले अध्यक्ष, उपाध्यक्ष दुई, महासचिव, उपमहासचिव, सचिव चारजना नौजना पदाधिकारीसँगै १५१ सदस्यीय नयाँ कमिटी चयन गर्नेछ। महाधिवेशनमा दुई हजार प्रतिनिधि पोखरामा छन्।

रविलाई...

« पृष्ठ १ बाट क्रमशः

अस्वीकारसँगै रवि र छविलाल जोशी जिल्ला अदालत रुपन्देहीमा रहेको मुद्दाको फैसला नहुँदासम्म कारागारमै बस्नुपर्ने भएको छ। उनीहरूविरुद्ध कास्की, चितवन, काठमाडौंमा फरक-फरक मुद्दा विचाराधीन छन्।

न्यायाधीशद्वय डा. नहकुल सुवेदी र बालकृष्ण ढकालको संयुक्त इजलासले बन्दी प्रत्यक्षीकरणको रिट खारेज गर्दै लामिछाने र छविलाल जोशीको थुनुवा निवेदनमा अन्तिम आदेश दिएको हो। संयुक्त इजलासले 'लामिछाने दोषी होइनन् भन्ने अवस्था तत्काल देखिँदैन' भन्दै उच्च अदालत बुटवलको थुनासम्बन्धी आदेशलाई सदर गरेको छ।

'...तहाँ अदालतबाट निवेदक प्रतिवादीहरू रवि लामिछाने र छविलाल जोशीलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी पुर्पक्षका लागि थुनामा राखी मुद्दाको कारबाही र किनारा गर्ने गरी भएको मिति २०८१/१२/२२ को आदेश बेरीतको नदेखिँदा बदर गरिरहनुपरेन। कानुनबमोजिम गर्नू,' लामिछानेले दर्ता गराएको सहकारी ठगीसम्बन्धी कसुर र संगठित अपराधबारेको आदेशमा छ।

सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको रकम गैरकानुनी रूपमा गोर्खा मिडियामा लगानी गरेको आरोपमा रविविरुद्ध जिल्ला अदालत रुपन्देहीमा गत माघमा मुद्दा दायर भएको थियो। उक्त मुद्दामा जिल्ला अदालतले लामिछानेसँग एक करोड रुपैयाँ धरौटी माग गरेको थियो भने उच्च अदालतले २२ चैतमा उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो।

उक्त आदेशविरुद्ध लामिछानेले २९ चैतमा पुनरावलोकनको निवेदन दर्ता गरेका थिए। यस्तै, उनकी पत्नी निकिता पौडेलले ७ वैशाखमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन्। अर्का प्रतिवादी छविलाल जोशीले पनि निवेदन दर्ता गराएका थिए। ती तीनवटै निवेदनमाथि संयुक्त रूपमा सर्वोच्चमा सुनुवाइ भएको हो।

रवि पक्षले आफू सहकारीसँग कुनै सम्बन्ध नरहेको दाबी गरे पनि गोर्खा मिडियाको सञ्चालक हुनु र त्यही संस्थामा सहकारीको रकम गएको तथ्यका आधारमा सर्वोच्चले उनलाई थुनामै राख्न आदेश दिएको हो। यता, सोही प्रकरणका सहकारी सञ्चालकलाई जिल्ला अदालतले धरौटीमा रिहा गरिसकेको छ भने मुख्य आरोपीहरू अझै पक्राउ परेका छैनन्।

लामिछानेबारे सर्वोच्चले भनेको छ, '...लामिछानेले आफू मिति २०७७/०९/३० मा मात्र कम्पनीमा प्रबन्ध निर्देशकका रूपमा नियुक्ति पाएकाले सो अगाडिको आर्थिक कारोबारमा आफ्नो कुनै संलग्नता नरहेको भन्ने जिकिर लिएको भए तापनि निजले कम्पनीमा प्रबन्ध निर्देशकको पदमा नियुक्ति पाउनुअगाडि नै मिति २०७७/०७/०२ को सञ्चालक समितिको बैठकमा कार्यकारी निर्देशकको हैसियतले उपस्थित भएको देखिएको र सो बैठकले ग्लोबल आइएमई बैंक लिमिटेड कालोपुल शाखामा खाता सञ्चालन गर्ने र सो खातामा गितेन्द्रबाबु राई, छविलाल जोशी वा रवि लामिछानेमध्ये कुनै एकको हस्ताक्षरबाट खाता सञ्चालन गर्ने भनी निर्णय गरेको देखिन्छ। सोही निर्णयबमोजिम खोलिएको कम्पनीको खातामा सहकारी संस्थाबाट पटक-पटक रकम आएको देखिँदा सहकारी संस्थाबाट रकम लैजाने गरी भएको आर्थिक कारोबारमा यी निवेदक प्रबन्ध निर्देशक हुनुपूर्वदेखि नै संलग्न भएको देखिन आयो।'

गोर्खा मिडियामा रविको एक करोड ८० लाख रुपैयाँबराबरको सेयर थियो। रविले उक्त रकम स्वेट सेयर भने पनि आधिकारिक निकायको लगानी स्रोत फारममा अन्य व्यवसायको आम्दानी, ऋण सापटी र पैतृक सम्पत्तिबाट लगानी गरिएको आदेशमा उल्लेख छ। यसर्थ निःशुल्क सेयर प्राप्त गरेको रविको दाबी मान्न नसकिने ठहर इजलासको छ। रविले पनि कम्पनी छाडेका थिए। कम्पनी छाड्दा उनले लिएको चेक बाउन्स भएको र सेयर बिक्रीका लागि मात्र सो चेक लिएको भनेर प्रमाण पेस गरेका थिए।

आफू कम्पनीको सञ्चालक तथा ऋणी केही नभएको रविको दाबी थियो। आफ्नो हस्ताक्षर किर्ते गरी आफ्नो नाममा ऋण लिएको देखाएर गोर्खा मिडियाको खातामा जम्मा गरिएको दाबी गर्दै आएका छन्। तर, सर्वोच्चले भने उनी ऋणी नै भएको भनेर आदेशमा उल्लेख गरेको छ। 'अपितु निज प्रतिवादीले सोही सेयर खरिद गर्न सहकारी संस्थाबाट कर्जा लिएको देखिन आउँछ। सो कर्जा लिँदा सहकारी ऐन, नियम र संस्थाको विनियमावलीलगायत प्रचलित कानुनबमोजिमको कुनै प्रक्रिया पूरा गरेको प्रथमदृष्टिमा नै देखिन आएन,' आदेशमा छ। उनकै हस्ताक्षरबाट ४० लाख ९२ हजार रुपैयाँ सहकारीलाई भुक्तानी गरेको देखिएकाले कर्जाबारे आफूलाई जानकारी नभएको भन्ने भनाइ खण्डित भएको न्यायाधीशद्वयको ठहर छ।

आफू प्रबन्ध निर्देशक हुनुअघिको कारोबारमा संलग्नता नरहेको दाबी लामिछानेको थियो। तर, उनी कम्पनीको सञ्चालक समिति बैठकमा कार्यकारी निर्देशकको हैसियतले उपस्थित रहेको देखिएको उल्लेख छ। कम्पनीमा संलग्न रहेको अवधिमा पनि सहकारीसँग आर्थिक कारोबार भएको देखिएको आदेशमा छ। साथै, कम्पनीबाट अलग भएको जिकिर लिए पनि त्यसपछिका मितिमा समेत चेकहरूमा हस्ताक्षर भेटिएको छ। जसबाट रविको संलग्नता पुष्टि हुने ठहर सर्वोच्चको छ।

सर्वोच्चले आदेशमा भनेको छ, '...उक्त कम्पनीमा यी प्रतिवादी रवि लामिछानेको संलग्नता कर्मचारीको हैसियतमा मात्र नभई कम्पनी सञ्चालनमा सारभूत रूपमा प्रभाव पार्ने हैसियतको देखियो।' सहकारी संस्थाका अध्यक्ष एवं सहअभियुक्त ओमप्रकाश गुरुङ र कुमार रम्तेलसमेतले लामिछानेको संलग्नतामा टेलिभिजन खोल्नका लागि अपचलन गरेको बयान गरेकोलाई पनि आधार मानिएको छ। कम्पनीका लेखापाल, सहायक लेखापाल, लेखापरीक्षकलगायतले पनि उस्तै घटना विवरण कागज गरेका छन्। यसबाट रवि आरोपित कसुरका कसुरदार रहेनछन् भन्ने विश्वास गर्न सकिने मनासिब आधार नरहेको ठहर संयुक्त इजलासको छ।

रास्वपा सभापति रविलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएकै दिन साढे ८ बजे उनको निवासमा पुगी प्रहरीले नियन्त्रणमा लिएको थियो। साधिकार निकायको पत्रविना नै पक्राउ गरिएको तथा फौजदारी कार्यविधि संहिताको प्रक्रिया मिचिएको भन्दै लामिछानेपत्नी पौडेलले रिट दर्ता गराएकी थिइन्।

उक्त रिट पनि पटक-पटक हेर्न नमिल्ने इजलासमा परेको थियो। आठपटक इजलासमा पुगेकोमा उनको निवेदन ६ पटक हेर्न नमिल्ने इजलासमा परेको थियो भने मंगलबार, बिहीबार र शुक्रबार सुनुवाइ गरिएको हो। सोही मुद्दामा प्रतिवादी रहेका गोर्खा मिडियाका पूर्वसञ्चालक छविलाल जोशीलाई पनि सर्वोच्चले थुनामै राख्न भनेको छ।

गृहमन्त्रीको...

« पृष्ठ १ बाट क्रमशः

भक्तपुरको एक सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष पनि हुन्।

सेटिङ मिलाउने काम गर्दै आएका ग्रिनलाइन होलिडेजका बालकृष्ण खड्कासँग ठूलो आर्थिक कारोबार देखिएको छ। उनीहरू तीनैजना सुवेदी, पौडेल र खड्काको मोबाइल अख्तियारले प्रहरीको डिजिटल फरेन्सिक ल्याब (डिएफल) मा पठाएर उनीहरूको बैंक खाताको कारोबारको विवरण मगाएको छ।

यीमध्ये केही व्यक्तिको गृहमन्त्री लेखकको सचिवालयसम्म सम्पर्क देखिएको छ। 'ह्वाट्सएपमा ट्राभल एजेन्सीहरूले भिजिट भिसामा प्रस्थान अनुमति दिनुपर्ने व्यक्तिको सूची पठाउँथे,' आयोग स्रोत भन्छ, 'त्यसको आर्थिक लेनदेनका लागि सहसचिवले आफन्तहरू प्रयोग गरेको देखिन्छ।'

अख्तियारले गुप्त अनुसन्धान विधि (अन्डरकभर अप्रेसन)मार्फत प्रमाण संकलन गरेपछि गत मंगलबार सहसचिव भट्टराईलाई नियन्त्रणमा लिएको थियो। अख्तियारबाट सूचना चुहिएकाले त्यही दिन बिहान गृह मन्त्रालयले उनलाई सरुवा गर्ने निर्णय गरेको थियो। सूचना चुहिएकाले पैसासहित उनलाई पक्राउ गर्ने अख्तियारको प्रयास असफल भएको थियो। अख्तियारले निगरानी बढाएको सूचना पाएपछि कतिपय प्रमाणसमेत उनले मेटाएको स्रोत बताउँछ।

विवादास्पद पृष्ठभूमि भएका सहसचिव भट्टराईलाई गृहमन्त्री लेखककै रोजाइअनुसार गत २३ असोजमा विमानस्थलको अध्यागमन प्रमुख बनाइएको थियो। उनी गएलगत्तै अध्यागमनमा सेटिङ बढेको हो। दिनमै औसत ५० लाखसम्म लेनदेन हुन थालेको सूचनाका आधारमा अख्तियारले छापा हानेको हो। सो पैसा तहगत रूपमा गृह मन्त्रालयसम्म पुग्ने गरेको सूचना अख्तियारको छ।

खासगरी गृहमन्त्री लेखकको सचिवालयमा कार्यरत व्यक्तिहरूको अध्यागमनको सरुवा र सेटिङमा शंकास्पद सम्बन्ध देखिएको छ। विगतमा अध्यागमनमा बसेर सेटिङको नेतृत्व गर्ने अधिकृत विमल पौडेललाई नै मन्त्री लेखकले आफ्नो सचिवालयमा राखेका छन्। उनीविरुद्ध १५ महिनाअघि प्रहरीले भिजिट भिसाको सेटिङ चलाएको आरोपमा मुद्दा चलाएको थियो। त्यतिबेलाको अनुसन्धानका क्रममा अध्यागमनको 'सेन्टर कलेक्सन' गर्ने भूमिकामा उनी देखिएका थिए।

अदालतबाट सफाइ पाएलगत्तै उनी गृहमा फर्किएर मन्त्री लेखकका 'प्यारा' बनेका हुन्। अध्यागमनमा कर्मचारी खटनपटन र विगतमा आफू अध्यागमनमा रहँदा चिनजान भएका समूहसँग सेटिङ मिलाउने भूमिकामा समेत उनी रहेको स्रोत बताउँछ। प्रहरीले उनको सम्पत्ति छानबिन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई समेत पत्राचार गरेको थियो।

मन्त्रीका स्वकीय सचिव तथा निजी सचिवहरूको पनि भिजिट भिसाका एजेन्टहरूसँग निकटतम सम्बन्ध रहेको अख्तियारको सूचना छ। जसमा प्रमाण जुटाउने काम भइरहेको स्रोत बताउँछ। अध्यागमनको सरुवामा पछिल्लो समय पूर्ण रूपमा मन्त्रीको सचिवालय हावी भएको थियो।

अख्तियारले अध्यागमन प्रमुख र एजेन्टहरूको मोबाइल जफत गरेपछि मन्त्रालयको सचिवालय त्रसित देखिएको छ। मोबाइलको परीक्षण गृह मन्त्रालयअन्तर्गतकै प्रहरी ल्याबमा हुने भएकाले अनुसन्धान प्रभावित हुन सक्ने आशंकासमेत कतिपयले व्यक्त गरेका छन्। मोबाइलको परीक्षण प्रतिवेदन आउन करिब एक साता लाग्नेछ।

हाल अख्तियारले अध्यागमन प्रमुखमाथि मात्र अनुसन्धान गरेको छ। विमानस्थलमा भिजिट भिसाको सेटिङ मिलाउने दर्जनौं समूह रहेको र उनीहरूमाथि दोस्रो चरणमा अनुसन्धान गर्ने आयोगको तयारी छ।

एकैपटक १३ कर्मचारीको सरुवा

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयमा भइरहेका अनियमिततासम्बन्धी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालेपछि १३ जना कर्मचारीको सरुवा गरिएको छ। गृह मन्त्रालयले बिहीबार नासु र कम्प्युटर अपरेटर पदमा कार्यरत ती कर्मचारीलाई मन्त्रालयमै फिर्ता बोलाएको हो। गृह मन्त्रालय स्रोतका अनुसार सरुवा गरिएकामध्ये नौजना नासु, तीनजना कम्प्युटर अपरेटर र एकजना सहायक कम्प्युटर अपरेटर छन्। ती सबै कर्मचारी दरबन्दीभन्दा बढी संख्यामा काजमा अध्यागमन कार्यालयमा खटाइएका थिए। गृह प्रशासनले उनीहरूलाई अस्थायी रूपमा विमानस्थलमा खटाए पनि अख्तियारको छानबिन सुरु भएपछि उनीहरूलाई फिर्ता बोलाएर मन्त्रालयमा पठाइएको हो।

शक्ति र पहुँचको बलमा गृह मन्त्रालयले कर्मचारीलाई विमानस्थल अध्यागमन पठाएको थियो। कार्यालयमा नौजना नासुको दरबन्दी भए पनि त्यसको दोब्बरभन्दा बढी कर्मचारी खटाएको थियो। दरबन्दीभन्दा बढी संख्यामा रहेका उनीहरूलाई गृहले फिर्ता लिएको हो। उनीहरूलाई अन्यत्र विभिन्न कार्यालयमा जिम्मेवारी तोकिएको छ। तर, भिजिट भिसाको सेटिङको कोर समूहमा रहेका अधिकृतहरूलाई भने हटाइएको छैन। उच्च तहकै सेटिङ भएकाले गृहले यसमा सामान्य छानबिनको प्रयास पनि गरेको छैन।

गृहमन्त्रीलाई बर्खास्तीको दबाब, प्रधानमन्त्री कार्यालयमा उजुरी, सर्वोच्चमा रिट

भिजिट भिसामार्फत हुने मानव तस्करीमा मुछिएका गृहमन्त्री रमेश लेखकलाई बर्खास्तीको माग गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा उजुरी र सर्वोच्च अदालतमा रिट परेको छ। भिजिट भिसाको सेटिङ मन्त्रीकै सचिवालयबाट भइरहेको अख्तियारको प्रारम्भिक छानबिनले देखाएको छ।

अधिवक्ता युवराज पौडेल सफलले लेखकविरुद्ध प्रधानमन्त्री कार्यालयमा उजुरी दिएका हुन्। भिजिट भिसाको सेटिङमा प्रत्यक्ष रूपमा उनको सचिवालय मुछिएको र यसमा मन्त्रीकै मिलेमतो रहेकाले उनलाई बर्खास्त गर्न भन्दै उजुरी दिएका हुन्। हाल अख्तियारले गृहका सहसचिव तीर्थराज भट्टराईलगायतमाथि छानबिन गरिरहेको छ। त्यस्तै, मन्त्री पदमा बस्दा उनले छानबिन प्रभावित गर्न सक्ने तथा प्रमाण लुकाउन सक्ने भएकाले बर्खास्तीको माग गरी सर्वोच्च अदालतमा अधिवक्ता मधु चौलागाईंले रिट पेस गरेका छन्। सो रिट दर्ताबारे आइतबार निर्णय हुने सर्वोच्च प्रशासनले जनाएको छ। भिजिट भिसामा दैनिक ५० लाख रुपैयाँसम्म असुल्ने गरिएको घटनामा गृहमन्त्रीमाथि समेत छानबिनको दबाब बढिरहेको छ। सत्तारूढ दलकै कतिपय नेताहरूले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने बताउन थालेका छन्।

उखान-टुक्का...

« पृष्ठ १ बाट क्रमशः

अभिन्न अंगका रूपमा स्वीकार गरी परम्परागत रूपमा अभ्यास तथा पुस्तान्तरण गर्दै आएका अभौतिक सांस्कृतिक सम्पदाको पहिचान गरी संरक्षण र प्रवर्द्धन गर्ने' ऐन बनाउनुपर्ने प्रस्तावनामा भनिएको छ।

मन्त्री पाण्डेले नेपालको संविधानमा उल्लेखित प्रावधान र सन् २००३ को अभौतिक सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी युनेस्को महासन्धि कार्यान्वयन गर्न कानुनी आधार आवश्यक परेकाले विधेयक ल्याइएको बताए।

विधेयकमा उखान-टुक्कासहित १२ प्रकारका अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गर्न कानुनी आधार दिने व्यवस्था गरिएको छ। अभौतिक सांस्कृतिक सम्पदाको परिभाषामा पहिलो पुस्तौंदेखि बोल्दै, सुन्दै, सुनाउँदै आएको ज्ञान, कथा, गीत, कविता, भनाइ, उखान-टुक्का, किंवदन्ती, मौखिक इतिहास वा यस्तै प्रकृतिका मौखिक परम्परा वा अभिव्यक्ति भनिएको छ।

दोस्रोमा अभिनय वा मञ्चन कला, तेस्रोमा सामाजिक अभ्यास, अनुष्ठान, जात्रा वा पर्व, चौथोमा प्राकृतिक स्रोतको उपयोग, उपचार पद्धति, ज्योतिष विज्ञान, खगोल विज्ञान, पर्यावरणीय ज्ञान वा यस्तै प्रकृतिका प्रकृति र ब्रह्माण्डसम्बन्धी ज्ञान भनिएको छ।

पाँचौंमा कलात्मक सामग्रीको उत्पादन वा सांस्कृतिक प्रयोजनका लागि आवश्यक वस्तु तथा सामग्री निर्माणमा प्रयोग हुने सीप वा कलाकौशल, छैटौंमा परम्परागत खेल, सातौंमा खाद्य परिकार तथा खाद्य परिकार तयार गर्ने सीप, आठौंमा पहिरन वा आभूषणसम्बन्धी ज्ञान, नवौंमा सांस्कृतिक पथ उल्लेख छ।

दसौंमा पुनर्जीवित गरी प्रचलनमा ल्याउन सकिने लोपोन्मुख सांस्कृतिक अभिव्यक्ति, कला, अभ्यास, ज्ञान, कलाकौशल, सीप वा सांस्कृतिक पथ, एघारौंमा लोपोन्मुख तथा हाल अभ्यासमा नरहेका, तर अभिलेखीकरण गरी संरक्षण गर्न सकिने सांस्कृतिक अभिव्यक्ति, कला, अभ्यास, ज्ञान, कलाकौशल, सीप वा सांस्कृतिक पथ र बाह्रौं प्रकारमा अभौतिक सांस्कृतिक सम्पदाको अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल भनिएको छ।

विधेयकमा समुदायको सहभागितामा अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, सूचीकरण र अभिलेखीकरण गर्ने प्रावधान राखिएको छ। यसैगरी, संस्कृति मन्त्रालयले प्रत्येक वर्ष अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूची तयार गरी अभिलेखीकरण गर्ने र सार्वजनिक गर्नुपर्ने भनिएको छ।

अभौतिक सांस्कृतिक सम्पदा राष्ट्रिय सूची तयार वा अद्यावधिक गर्न मन्त्रालयका संस्कृति महाशाखा प्रमुखको संयोजकत्वमा सात सदस्यीय सिफारिस समिति गठन हुने व्यवस्था गरिएको छ। समितिको सदस्यमा भाषा आयोग, नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय अभिलेखालयका प्रतिनिधि सदस्य हुनेछन्। मन्त्रालयको संस्कृति शाखा प्रमुख समितिको सदस्यसचिव हुनेछन्।

समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ। समितिले सिफारिसका आधारमा मन्त्रालयले राष्ट्रिय सूची तयार गर्नेछ। समितिले कुनै समुदाय, कार्यालय, निकाय वा संस्थाले सूचीकृत गरेका अभौतिक सांस्कृतिक सम्पदामध्ये सिफारिस गर्नेछ।

तीनकुने...

« पृष्ठ १ बाट क्रमशः

उपस्थित गराउँछौं, १८ जना फरार छन्।' उनका अनुसार ४३ जनाविरुद्ध संगठित अपराधमा मुद्दा चलाउनुपर्ने राय छ। घटनामा संलग्न रहेको भनिएका ९० जनाको प्रहरीले बयान लिएको थियो। तीमध्ये कतिपय हाजिरी जमानीमा छन्।

राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर राणा तथा व्यवसायी दुर्गा प्रसाईंलाई सो घटनाका योजनाकारका रूपमा प्रहरीले अभियोजन गर्न प्रस्ताव गरेको छ। प्रसाईं थुनामै छन् भने मिश्र र राणा हाजिरी जमानीमा छुटेका छन्।

पत्रकार सुरेश रजकको हत्यामा संलग्न रहेको भन्दै सातजनाविरुद्ध मुद्दा चलाउन सिफारिस गरिएको छ। रिपोर्टिङमा गएका पत्रकार रजकको तीनकुनेको एक घरमा प्रदर्शनकारीले आगो लगाउँदा जलेर मृत्यु भएको थियो। अर्का एक सर्वसाधारणको भने प्रहरीको गोलीबाट मृत्यु भएको थियो। सो घटनामा गोली लागेका कतिपय घाइते अझै अस्पतालमै छन्।

प्रदर्शनकारीले स्थानीय घर तथा पसलमा तोडफोड र लुटपाटसमेत गरेका थिए। प्रहरीले पक्राउ गरेर बयान लिएका कतिपयको हकमा भने मुद्दा नचलाउन प्रहरीले राय दिएको छ।

सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख सहन्यायाधिवक्ता रामहरि काफ्लेले प्रहरीको प्रतिवेदन प्राप्त भएको र आइतबार अदालतमा मुद्दा दर्ता गरिने बताए। संगठित अपराधसम्बन्धी मुद्दामा प्रहरीले ६० दिनसम्म थुनामा राखेर अनुसन्धान गर्न पाउने कानुनी व्यवस्था रहेको छ। सोही म्याद सकिन लाग्दा अनुसन्धान प्रतिवेदन बुझाइएको हो। उता, व्यवसायी प्रसाईंविरुद्ध बैंक कर्जा दुरुपयोगको आरोपमा उच्च अदालतमा छुट्टै मुद्दा दायर गर्ने तयारी भइरहेको जनाइएको छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र
ठिमी, भक्तपुर

बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०२/१०

यस केन्द्रको लागि PPE खरिद गर्न मिति २०८१/०९/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित IFB No. 07: NTCC/G/NCB/03/2081-82 Procurement of Personal Protective Equipment-PPE सम्बन्धी बोलपत्र आह्वानको सूचना बमोजिम विद्युतीय माध्यमबाट प्राप्त हुन आएका बोलपत्रहरुमध्ये न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्र स्वीकृतीका लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ कुनै दावी बिरोध भए सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस केन्द्रमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

स्लाइस नं.	बोलपत्रदाताको नाम	ठेगाना	कबोल अंक रु. (मू.अ.कर.समेत)
१.	National Bio Medical Suppliers Pvt. Ltd.	काठमाण्डौ	३,०५,१००।-
२.	Bangalamukhi Medicine Suppliers	भक्तपुर	३,१२,१३४।२५-

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Federal Urban Development and Building Construction Office Kailali

Invitation for Online-Bids

Date of Publication: 2082/02/10 (24th May, 2025)

Federal Urban Development and Building Construction Office, Kailali invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details visit www.bolpatra.gov.np/egp.

Contract ID	Description of Works	Est. Amount NRs (Excl. VAT; Incl. Prov. Sum)	Bid Security Amount (NRs)	Bid Document Fee (NRs)
FUDBCO/KAILALI/ Works/NCB/60-2081/082	Construction of Christian Society community Building at Belauri Municipality, Kanchanpur.	85,60,085.81	2,30,000.00	3000
FUDBCO/KAILALI/ Works/NCB/61-2081/082	Upgrading of road from Kunda to south kalkatta at Belauri Municipality-09, Kanchanpur.	85,55,675.91	2,30,000.00	3000

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १० जेठ ०८२
nayapatrikaofficial @nayapatrika

ब्लक नम्बर ४ मा रविको दिनचर्या

दिनभर पढ्छन्, पीडितको बचत फिर्ता नभएकोमा चिन्ता गर्छन्



व्यक्तिका रूपमा मैले दुःख पाएँ। तर, जनताले बिस्तारै बुझिरहेका छन्, राज्य लागेको कुरा बुझ्छन्। बुझ्नलाई समय लाग्छ।

धनी र गरिबबिचको लडाइँ लामो चल्छ। जित न्यायको हुन्छ, तर धैर्य गर्नुपर्छ, जनताको कुरा सरकारले नसुनेर कहाँ हुन्छ ? सुन्नुपर्छ, सुन्छ। जनताकै लागि लड्दा यो दुःख पाएको छु। न्याय पाउनुअघि दुःख हुने रहेछ। यसपछि न्याय हुन्छ।

राजनीति



● कमलराज भट्ट

अन्य दलका नेता, जसले कारागारमै पुगेर भेटे



राजेन्द्र लिङ्देन
अध्यक्ष, राप्रपा

सिके राउत
अध्यक्ष, जनमत

रेशम चौधरी
संरक्षक, नाउपा

हृदयेश त्रिपाठी
अध्यक्ष, जनता प्रगतिशील पार्टी

वासुदेव घिमिरे
सांसद, एमाले

माधव सापकोटा
सांसद, माओवादी

उच्च अदालत तुलसीपुर, बुटवल इजलासको आदेशपछि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने २२ चैतदेखि हिरासतमा छन्। बुटवलस्थित सुप्रिम सहकारी संस्थाको रकम हिनामिना प्रकरणमा एक करोड धरौटीमा रिहा गर्ने जिल्ला अदालत रुपन्देहीको आदेश बदर गर्दै उच्चका न्यायाधीशद्वय रमेश ढकाल र स्वीकृति पराजुलीको इजलासले थुनामा पठाउने आदेश गरेपछि उनी हाल जिल्ला कारागार भैरहवामा पूर्पक्षका लागि थुनामा छन्। रवि भैरहवा थुनामा बसेको ५० दिन बितिसकेको छ। यो आदेशविरुद्ध उनकी पत्नी निकिता पौडेलले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण रिट दायर गरेकी थिइन्। तर, पटक-पटक पेसी सारेर ढिलो गरी शुक्रबार सुनुवाइ सकेको सर्वोच्चले रविलाई थुनामुक्त गर्न अस्वीकार गरेको छ। अब उनी जिल्ला अदालतबाट मुद्दा नटुंगिएसम्म थुनामै रहनेछन्।

यसका साथै पछिल्ला ५० दिनमा रविविरुद्ध जाहेरी दिएको भनिएका पीडितले एकपछि अर्को गर्दै आफ्नो नाम दुरुपयोग गरेर प्रहरीले जाहेरीपत्रमा राखेको भन्दै असन्तुष्टि जनाइरहेका छन्। रास्वपालगायत विपक्षी सांसदले मुद्दामाथि मुद्दा थोपरेर राज्यले प्रतिशोध साँधेको टिप्पणी संसद्मै गरिरहेका छन्। हुन त त्यसअघि २ कात्तिकमा पत्राउ परेर अनुसन्धानका लागि भन्दै लामिछानेलाई ८४ दिन प्रहरी हिरासतमा राखिएको थियो। जिल्ला अदालत पोखराको आदेशले २५ पुसमा धरौटीमा रिहा भएका लामिछाने झन्डै तीन महिनामा फेरि पत्राउ परेर हाल बन्दी जीवन बिताइरहेका छन्। कारागार प्रशासनका अनुसार उनलाई ब्लक नम्बर ४ को हिरासत कक्षमा राखिएको छ।

■ बिहानको समयमा गर्छन् व्यायाम

कारागार प्रशासनका अनुसार लामिछाने बिहान सबैरै उठ्छन्। हिरासत कक्षभित्रै करिब एक घण्टा शारीरिक व्यायाम गर्छन्। त्यसपछि खाजा लिन्छन्। खाजामा रोटी, तरकारी, फलफूल खान्छन्। दिउँसो खानामा दालभात नै लिन्छन्। खाजा र खाना कारागारभित्रै बन्ने गर्छ। साँझ पनि एक्सरसाइज गर्छन्। साँझ रोटी र अन्य खानेकुरा खान्छन्।

■ अधिकतम समय अध्ययनमा केन्द्रित

कारागार प्रशासनका कर्मचारीका अनुसार सभापति लामिछानेको अधिकतम समय अध्ययनमै बित्ने गरेको छ। 'एकदम अध्ययन गरिरहनुभएको छ। हेल्दी छु, प्लानिङ गरिरहेको छु भन्नुहुन्छ,' एक कर्मचारीले भने, 'बेलुका समयमै सुत्नुहुन्छ।' सभापति लामिछानेको सचिवालयका अनुसार संविधान, ऐन, नियम, नियमावली, निर्देशिका, कार्यविधि अध्ययन गरिरहेका छन्। कारागारमा पत्रिकाहरू आउँदैनन्। टेलिभिजन, रेडियो, अनलाइन पोर्टल हेर्ने सुविधा छैन। दस्ताबेजहरू पढ्नमै केन्द्रित भएको सचिवालय बताउँछ। त्यसैले लामिछानेको कक्षमा किताबको चाङ नै छ। लामिछानेले नेपाल इन द लङ १९५०, नेपालमा वर्ण व्यवस्था र वर्ग संघर्ष, दिस ग्रेस नोबेलजस्ता पुस्तक अध्ययन गरिरहेका छन्। अध्ययनका साथै लामिछानेले डायरी पनि मेन्टेन गरेका छन्। यसअघि लामिछानेको डायरी प्रहरीले खोसेर गायब पारेको थियो।

कारागार प्रशासनको अभिलेखअनुसार विभिन्न दलका नेता लामिछानेलाई भेट्न भैरहवा पुगिरहन्छन्। राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, जनमत अध्यक्ष सिके राउत, नागरिक उन्मुक्तिका संरक्षक रेशम चौधरी, जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले भेटिसकेका छन्। एमाले सांसद वासुदेव घिमिरे, माओवादी सांसद माधव सापकोटा पनि लामिछानेलाई भेट्न पुगेका छन्। तर, कांग्रेसका कोही पनि भेट्न आएको रेकर्ड छैन। यसअलावा पार्टीका उपसभापतिद्वय डिपी अर्याल, स्वर्णिम वाग्ले, संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठ, सांसदहरू सोविता गौतम र हरि ढकाल लामिछानेलाई भेट्न पुगेका छन्।

भेट्न आएका नेतासँग लामिछानेले राज्यको व्यवहार र सहकारीपीडितले बचत फिर्ता नपाएको अवस्थाप्रति दुःख व्यक्त गर्ने गर्छन्। न्यायालयबाट न्याय पाउने बलियो आत्मविश्वास लामिछानेमा छ। 'उहाँले ठ्याक्कै भनेको केभन्दा पछिल्लो जुन थुना भयो, जुन प्रक्रियाले प्रहरी प्रस्तुत भयो, एकदम पूर्वाग्रही ढंगले देखिन्छ। अदालतले आदेश गर्न भ्याएको छैन, पुर्जी जारी भएको छैन, प्रहरीले आफैं पुर्जी जारी गरेर पत्राउ गऱ्यो, त्यो पनि ओछ्यानसम्म पुगेर। त्यति मात्र होइन, तपाईंको अन्तिम इच्छा के छ ? जस्ता प्रश्न गरियो। उहाँले त्यसमा दुःख व्यक्त गर्नुभयो। पटक-पटक पेसी सरिरहेकोमा पनि गुनासो थियो,' राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भने। एउटा राजनीतिक पार्टीको सभापतिलाई सरकारले पूर्वाग्रही ढंगले व्यवहार गरेको र त्यसविरुद्ध आफूहरूले अरू वेला पनि आवाज उठाइरहेको लिङ्देनको टिप्पणी छ। 'कतिपय कानुन व्यवसायी, पूर्वन्यायाधीशहरूको धारणा लामिछानेमाथि भइरहेको व्यवहार जायज छैन भनेर सार्वजनिक भइसकेको छ। हाम्रो पनि धारणा त्यही हो,' उनले भने। बन्दी प्रत्यक्षीकरण रिटमा पेसी सारिनु पनि स्वाभाविक नभएको उनको तर्क छ। 'यो भनेको त अब तत्काल न्यायका लागि गरिएको गुहार हो। यस्तो विषय धेरै दिनसम्म सार्नु, टार्नु, अनुचित छ,' उनले भने, 'अहिले जे प्रक्रियाबाट उहाँमाथिको मुद्दा अगाडि बढ्यो, जिबी राईमाथि पनि अब जुन मुद्दा लाग्नेवाला छ, जिबी राई आउँदा पनि सहकारीपीडितले रकम पाउन सक्ने सम्भावना कम भयो। प्रतिशोध साध्ने मात्रै काम भयो।'

लामिछानेले पीडितले बचत फिर्ता नपाएको र मुद्दाको प्रक्रिया गिजोलिएकोमा असन्तुष्टि जनाएको उनले सुनाए। 'पीडितको बचत फिर्ता गर्नेतर्फ सरकारको ध्यान केन्द्रित नभएको, दीर्घकालसम्म बचत फिर्ता हुन नसक्ने बाटोतर्फ मुद्दा गिजोलेर लगियो भन्ने उहाँको चिन्ता थियो,' उनले भने।

जनमतका अध्यक्ष सिके राउतले त कारागारको दयनीय अवस्था देखेर लामिछानेलाई काठमाडौं सर्न सुझाव दिएका थिए। 'मूल रूपमा मलाई भौतिक अवस्था दयनीय लाग्यो। कोठाभित्र बन्द राखेको अवस्था छ। एउटा राजनीतिक बन्दी, २१ सिटको दलको नेतालाई थुनेर राख्नु उचित लागेन,' उनले भने, 'त्यहाँ हत्या, कुटपिटजस्ता अपराध गर्ला भनेर राख्ने हो। उहाँलाई एउटा कोठामा राखिएको छ। त्यहाँ एक्लै भइयो। ठिक लागेन। यहाँबाट सरुवा गरेर डिल्लीबजार कारागार आउनुस् राजनीतिक भेटघाट हुन्छ भनेको हुँ।' तर, लामिछानेले भैरहवाबाटै कानुनी लडाइँ लड्ने र न्याय पाए फर्किने बताएको राउतले सुनाए। 'उहाँले प्रतिशोध भइराखेको छ, राज्य लागेपछि कस्तो हुन्छ, केसम्म हुन्छ देखियो भन्नुभयो। नयाँ शक्तिहरूलाई संकट नै छ। राज्य नियोजित रूपमा लागेको छ। आ-आफ्नो ठाउँबाट लागौं भन्नुभयो,' राउतले सुनाए, 'केही निकास निस्किन्छ कि भनेर सोधैं, 'उहाँ कानुनी लडाइबाट निकास आउँछ भन्नेमा विश्वस्त हुनुहुन्छ।'

माओवादी सांसद माधव सापकोटा उच्च मनोबलका साथ लामिछाने कानुनी लडाइँ लडिरहेको र न्यायको प्रतीक्षा गरिरहेको बताउँछन्। सापकोटाअनुसार कोभिडको वेलामा बिरामीलाई आइसोलेसनमा राखिएको सेन्टरमा लामिछानेलाई राखिएको छ। जहाँ अत्यन्त गर्मी छ। त्यहाँको बसाइप्रति लामिछाने सन्तुष्ट नपाएको उनको अनुभूति छ। 'उहाँले मलाई फसाइएको हो, निर्दोष छु। कानुनी उपचार खोजेर लड्छु भन्नुभयो। मैले कानुनी लडाइँमा गएपछि अदालतको विश्वास गर्नुको विकल्प छैन। हामी साथमै छौं भनेर बिदा भए,' सापकोटाले सुनाए।

एमाले सांसद वासुदेव घिमिरेले पनि कारागारमा रहेका रास्वपा सभापति रवि लामिछानेलाई कारागारमै पुगेर भेटेका छन्। उनले भने, 'म यही जिल्लाको प्रतिनिधि भएको र उहाँ भैरहवामै थुनामा रहेकाले मानवताको आधारमा कर्तव्य सोचेर भेट्न गएको हुँ। कारागारमा उहाँलाई कसरी राखिएको छ, उहाँसँग गर्ने व्यवहार कस्तो छ इत्यादि बुझ्ने सिलसिलामा गएको थिए।' त्यस क्रममा जेलरसँग सामान्य जानकारी लिएको उनले बताए। 'जेलरले सकेको राम्रो गरिरहेको बताएका थिए। उहाँ (रवि)सँग पनि तपाईलाई गाह्रो साह्रो के छ ?, जेलरले गर्ने व्यहोरा छ ? भनेर जिज्ञासा राखेको थिए। म यहीको जनप्रतिनिधि हुँ, केही भए मलाई भन्दा हुन्छ, पार्टी फरक भए पनि केही छैन भनेको छु। भेटमा उहाँको उच्च आत्मबल पाएँ। अन्यायमा परे, सर्वोच्च अदालतले न्याय गर्छ भन्ने उहाँको भनाइ थियो। मैले एउटा साथीको हिसाबले भेटेर आएको हो। लामो कुरा केही भएन।'

जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठी लामिछाने उच्च मनोबलमा रहेको बताउँछन्। 'उहाँ उच्च मनोबलमै हुनुहुन्छ। प्रतिशोध गरिएको हो। सहकारीमा म सदस्य होइन, म कम्पनीको एमडी थिए। पारिश्रमिकबापत कम्पनीमा इक्विटी सेयर मात्रै हो। खर्चबाहिँ मेरो हस्ताक्षरबाट भएको छ। तलब गएको छ। सामान खरिद गरिएको छ। तर, पैसा ल्याउने म होइन जिबी राई हो। यो सबै उसैले गरेको हो, ऊ थुनामा परेको छैन। प्रतिशोध हो भन्नुभयो,' त्रिपाठीले भने, 'मनोबल गिरेको छैन।' सहकारीमा हिनामिना गर्ने ७० प्रतिशत कांग्रेस एमालेकै नेता-कार्यकर्ता देखिएको र तिनीहरूलाई जोगाउन राज्यले लामिछानेलाई मोहरा बनाएको उनको बुझाइ छ। 'यहाँ के देखियो भन्दा सहकारीमा हिनामिना गर्ने ७० प्रतिशत कांग्रेस एमालेकै रहेछन्। तर, अब तिनीहरूलाई जोगाउन रविको नाम मात्रै फैलाइदिए र उनी एक मात्र घोटाला गर्ने मान्छे हो भनेर भाष्य तयार गरिदिए। यसबाट आफ्नोलाई जोगाउन सजिलो हुन्छ। भित्र यस्तो कुरा छ,' उनले भने।

लामिछानेसँग नियमित सम्पर्कमा रहेका रास्वपा उपसभापति डिपी अर्याल सभापतिको मार्गनिर्देशनअनुसार पार्टीका गतिविधि निरन्तर अगाडि बढाइरहेको बताउँछन्। 'पार्टीको संगठनको विषयमा सभापतिज्यूसँग अपडेट भइरहेको छ। देशभर कार्यक्रम गरिरहेका छौं, संगठन विस्तार गरिरहेका छौं,' उनले भने।

सचिवालयका एक सदस्य भन्छन्, 'शुभचिन्तकहरू भेट्ने भनेर इच्छा जाहेर गर्नुहुन्छ। तर, भेटिरहनुभएको छैन। यो समय प्रोडक्टिभ बनाउने भन्ने छ। सभापतिज्यूले मन्त्रालयका ऐन, नियम, नियमावली, कार्यविधि हेरिरहनुभएको छ। सुधार गर्नुपर्ने कुरा पोइन्ट आउट गरिरहनुभएको छ। पुस्तकहरू पढिरहनुभएको छ। पार्टीको विधान पनि फेरि मसिनो गरी हेरिरहनुभएको छ। देश विकासको भावी रणनीति चिन्तन गर्ने, ज्ञानको दायरा बढाउन केन्द्रित हुनुहुन्छ।' उनका अनुसार भेट्न आउनेले पनि पुस्तक ल्याइदिने गरेका छन्।

पत्नी निकिताका अनुसार कारागारमा रविको मुख्य दिनचर्या भनेको किताब पढ्ने, डायरी लेख्ने, व्यायाम गर्ने र शुभचिन्तक भेट्ने छ। शारीरिक व्यायाम गरिरहेकाले लामिछानेको स्वास्थ्य अवस्था ठिक छ। रवि थुनामा परेयता निकिताको भैरहवा-काठमाडौं आउजाउ बढेको छ।

■ भेट्न आउनेलाई भन्छन्- देशका लागि केही गर्नुपर्छ

लामिछानेलाई भेट्न चाहने शुभचिन्तक थुप्रै छन्। सामान्यतया लामिछाने ३-४ बजेपछि शुभचिन्तक भेट्ने गर्छन्। भेटमा देशका लागि केही गर्नुपर्छ भन्ने गर्छन। 'ठिक छ। सञ्चै छु। अध्ययन गरिरहेको छु। किताब र राजनीतिसम्बन्धी दस्ताबेज पढिरहेको छु। पार्टी, देश चलाउने योजना बनाइरहेको छु। देश खत्तम भइसक्यो। देशका लागि केही गर्नुपर्छ,' लामिछानेको भनाइ उद्धृत गर्दै कारागारका कर्मचारीले भने। उनका अनुसार अहिले पनि भेट्ने शुभचिन्तक सचिवालयमार्फत आइरहेका छन्। भिआइपी, नेताहरू, अति आवश्यक व्यक्तिहरू भने जतिवेला आएर भेटिरहेका छन्। लामिछाने बसेको ब्लक बाहिर भएकाले अन्य कैदीसँग उनको भेट हुँदैन। कारागार प्रशासनका अनुसार सुरुवाती दिनमा लामिछानेलाई भेट्न देशैभरिबाट शुभेच्छुक आएका थिए। 'अहिले अलि कम भएको छ। दिनमा दुई-तीनजना आइरहेका छन्। सभापतिको टिमसँग समन्वय गरेर आउनुहुन्छ,' ती कर्मचारीले भने। उनका अनुसार सभापति लामिछानेको आत्मविश्वास बलियो छ। 'म ठिक छु। राम्रो गर्नुहोला। चिन्ता नगर्नू। म ठिक छु। बसाइ ठिक छ,' भनिरहेका छन्।

■ जनयात्रा नरोक्न लामिछानेको आग्रह

संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठका अनुसार सभापति लामिछानेले आफू पत्राउ पर्दा रोकिएको पार्टीको जनयात्रालाई निरन्तरता दिन भनेका छन्। श्रेष्ठ जनयात्राका संयोजक हुन्। भैरहवा कारागार पुगेका श्रेष्ठलाई लामिछानेले जनयात्रालाई निरन्तरता दिन, राज्यबाट भएका बेथिति र प्रतिशोधपूर्ण व्यवहार जनतालाई बुझाउन, जनताका समस्या सुनेर सडक र सदनमार्फत आवाज उठाउन निर्देशन दिएका थिए। सभापतिको निर्देशनअनुसार जनयात्राको तयारी द्रुत गतिमा भइरहेको र जेठ तेस्रो सातादेखि पुनः प्रारम्भ गरिने श्रेष्ठले बताए।

■ 'राज्य लागेको जनताले बुझ्दै छन्'

पछिल्लो समय लामिछानेविरुद्ध जाहेरवाला बनाइएका सहकारीपीडितले थाहै नदिई जाहेरीमा आफ्नो नाम राखेर दुरुपयोग गरेको भन्दै आपत्ति जनाइरहेका छन्। उनीहरूले कसैलाई प्रतिशोध साध्नका लागि आफ्नो नाम दुरुपयोग नगर्न र बचत फिर्ता गर्न सरकारको ध्यानाकर्षण गराइरहेका छन्। यस सन्दर्भमा लामिछाने राज्यले आफूमाथि साधेको प्रतिशोध जनताले बल्ल बुझ्न थालेको निष्कर्षमा पुगेका छन्। 'व्यक्तिका रूपमा मैले दुःख पाएँ। तर, जनताले बिस्तारै बुझिरहेका छन्, राज्य लागेको कुरा बुझ्छन्। बुझ्नलाई समय लाग्छ' भन्ने गरेका छन्।

■ अन्याय भएको भन्दै कारागारमै पुगे मिटरब्याजपीडित

रवि लामिछाने आफैं राज्यले मुद्दामाथि मुद्दा लगाउँदा कानुनी झमेलामा छन्। उनी राज्यको प्रतिशोधमा परेको भनिरहेका छन्। तर, मिटरब्याजपीडित किसान मजदुर राज्यबाट अन्याय भएको भन्दै न्याय माग्न लामिछानेलाई भेट्न कारागारमै पुगेका छन्।

मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिका संयोजक अवधेश कुशवाह र निर्घ नवीनसहितको टोलीले भैरहवास्थित रुपन्देही जिल्ला कारागारमा भेट गरेको छ। भेटमा टोलीले किसानका समस्यामा सरकार अनुदार बनेको गुनासो गरेका थिए। गृहमन्त्रीका रूपमा रवि लामिछानेले गरेका सम्झौता नयाँ सरकार बनेपछि कार्यान्वयन नगरिएको उनीहरूको गुनासो थियो।

जवाफमा लामिछानेले नआत्तिन र एक भएर अघि बढ्न आग्रह गरे। पीडितबिच राजनीति हुन नहुने भन्दै उनले न्यायको लडाइँ एक दिन अवश्य जितिने बताए। 'धनी र गरिबबिचको लडाइँ लामो चल्छ। जित न्यायको हुन्छ, तर धैर्य गर्नुपर्छ, जनताको कुरा सरकारले नसुनेर कहाँ हुन्छ ? सुन्नुपर्छ, सुन्छ। यो नभए अर्कोले सुन्छ। त्यतिन्जेल तपाईंहरूबिच फाटो आउन भएन। एक भएर लड्नुपर्छ। मलाई हेर्नुस् त मेरो स्वार्थ के छ ? जनताकै लागि लड्दा यो दुःख पाएको छु। न्याय पाउनुअघि दुःख हुने रहेछ। यसपछि न्याय हुन्छ। तपाईंहरूले पाएको दुःख न्याय पाउनुअघिको हो। नआत्तिनुस्,' उनले भने।

लेखक तथा अनुसन्धाता राजकुमार दिक्पाललाई
मन परेका सात पुस्तक



अक्षर चिन्न थालेदेखि नै बुझे पनि नबुझे पनि अक्षर देख्यो कि पढिहाल्थें । पञ्चायतकालमा व्यवस्था परिवर्तनका लागि लागेका दाइहरूले धनकुटा नगरको हाम्रो घरलाई सांस्कृतिक अभ्यासको केन्द्र बनाएकाले घरैमा प्रशस्तै पुस्तक र पत्रपत्रिका जम्मा हुने गर्थ्यो । यसको प्रभावस्वरूप सानैदेखि ममा पढ्ने बानी बस्यो । अंग्रेजी निबन्धका पिता फ्रान्सिस बेकन भन्छन्, 'ज्ञान नै शक्ति हो ।' म समय कटानीका लागि नभई ज्ञान प्राप्तिका खातिर पढ्ने गर्छु । पछिल्लो समय सीमान्तकृतको इतिहास अध्ययन मेरो अभीष्ट बनेको छ । त्यसैले सीमान्तकृतको इतिहास अन्वेषणका लागि उपयुक्त सन्दर्भ सामग्री पढ्न मरिहत्ते गरिरहेको छु ।



मुजिङ्ना खेयङ्ना मुन्धुम : बैरागी काइँला नजन्मिएको भए लिम्बू मुन्धुमको अवस्था के हुन्थ्यो होला ? कल्पना गर्न गाह्रो छ । मुन्धुम आफैँ लोक काव्य हो, त्यसमा पनि एक सिद्धहस्त कविको हातले मुन्धुम लेखेपछि पढ्नमा पनि सरस हुँदो रहेछ । पाँच दशकदेखि काइँलाले समग्र मुन्धुममा आफूलाई समर्पण गरेर विषयगत केन्द्रा केलाएकाले मुन्धुम बुझ्न साधारण पाठकलाई साह्रै सजिलो भइको छ । उनका मुन्धुममध्ये 'मुजिङ्ना खेयङ्ना मुन्धुम' मैले स्वाद मानेर पढेको पुस्तक हो । मुजिङ्ना खेयङ्नालाई लिम्बूहरू आदिमाता मान्छन् । उमेर पुगेपछि उनले अज्ञात पुरुषको गर्भधारण गर्छिन् । मुन्धुमअनुसार वायु वा वर्षाबाट उनले गर्भधारण गरेपछि मानव सृष्टि सुरु हुन्छ । नारीवादी दृष्टिकोणबाट पनि यो मुन्धुमबाट प्रशस्त दार्शनिक विमर्श चलाउन सकिन्छ ।



धुपी, सल्ला र लालीगुराँसको फेदमा : किशोरवय पार गर्दै गरेका वेला एकै श्वासमा यो पुस्तक पढिसिध्याएको थिएँ । पारिजातको बाल्यकालबारे जान्न मात्रै होइन, उनले भोगेको तत्कालीन समाज र चेतना जागरणको आधार थाहा पाउन पनि यो पुस्तक पढ्नैपर्छ । परिजातमाथि विद्यावारिधि गर्ने प्राडा. बद्रीविशाल पोखरेलले पारिजात पढेको दार्जिलिङको नेपाली गर्ल्स सेकेन्डरी स्कुलमा पुगी पत्ता लगाएअनुसार उनी ३० फागुन १९९० मा जन्मेकी हुन् । यसअनुसार उनी १७ वर्षको हुँदा मात्रै नेपालबाट निरंकुश राणातन्त्र हट्यो । पारिजातको जन्म दार्जिलिङमा भएकैले नेपालमा नेपाली साहित्यले एउटा अमर रत्न पायो । नेपालमा जन्मेकी भए त उनी राणाको दरबारमा सुसारे बन्न बाध्य हुने थिइन् कि !




नेपालको महाभारत : इतिहास दर्शनले भन्छ, 'तीरलाई जति टाढा पुऱ्याउने हो, उतिनै बढी पछाडि खिच्नुपर्छ ।' वर्तमानको लेखाजोखा गर्दै भविष्य देख्ने दूरदृष्टिका लागि इतिहास अध्ययन गर्नैपर्छ । मैले इतिहासकार ज्ञानमणि नेपालको यस पुस्तकको कुनाकाप्चा चाहारेको छु । नेपालको राजनीतिमा दुर्गन्ध आजदेखि चलेको होइन । पुस्तकमा राजा प्रतापसिंह शाहको समयदेखि भएको दरबारिया षड्यन्त्रको प्रत्येक घटनालाई इतिहासकार नेपालले प्रामाणिक रूपमा दृश्यांकन गरेका छन् । नेपालको रक्तरञ्जित राजनीतिक इतिहासबाट पाठ सिक्न नचाहने नेतृत्त्वले देश हाँक्ने जिम्मेवारी पाउँदा त्यसको कष्टको भार भने सर्वसाधारण नेपालीले उठाउनुपरेको छ । नेतृत्त्वलाई खबरदारी गर्न पनि यो पुस्तक पढ्नैपर्छ ।




लिम्बूवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह : यो पुस्तक मैले पाण्डुलिपिमै पढ्ने अवसर पाएँ । लेखक भगिराज इङ्नामबाट मैले यस्तो अवसर पाएको हुँ । पूर्वको सीमान्तमा रहेका लिम्बूहरू ऐतिहासिक स्रोतमा आत्मनिर्भर छन् भन्ने प्रमाण हो, यो पुस्तक । लिम्बूहरूसम्बन्धी यति मोटो पुस्तक लेखिसकेका इङ्नामको यत्तिकै मोटो 'लिम्बूवानको अभिलेख सङ्ग्रह' पनि आइसकेको छ । मिति लेखिएको तत्कालीन कागजातलाई इतिहासको प्रामाणिक स्रोत मानिन्छ । इतिहासको सिद्धान्तलाई इमानदारितापूर्वक आत्मसात् गरेर इतिहास खोज्नेहरूका लागि यो पुस्तक अत्यन्तै उपयोगी छ । इतिहास केवल राजा महाराजाको गाथा हो भन्ने बुझाइलाई खण्डन गरेर लिम्बूजस्ता सीमान्तकृत समुदायको इतिहास लेखनका लागि मैले पुस्तकको प्रत्येक पानामा आँखा दौडाएको छु ।



जड्क्सन पिपलबोट : कुनै पनि विषयलाई केवल चर्मचक्षुले हेर्यौं भने त्यो महत्वहीन हुन सक्छ । त्यही महत्त्वहीन ठानिएको विषयलाई आत्मचक्षुले हेर्यौं भने त्यहाँ अथाह दूरगामी महत्त्वका पाटा पाउन सकिन्छ । कविता र कथा विधामा रत्तिएका र पेसाले सञ्चारकर्मी प्रकाश गुरागाईंको आत्मचक्षुले नयाँ सडकको पीपलबोटलाई केवल एउटा रुख मात्रै देखेन, त्यस परिसरभित्र अनेकौं राजनीतिक र साहित्यिक आयाम पनि देख्यो । त्यही पीपलबोट परिसरले देशमा चेतनाको बीजारोपणका लागि उहापोह मच्चाउने ठुलो डबलीको काम पनि गऱ्यो । यस पुस्तकमा पढ्न पाइन्छ, नेपाली साहित्यको बेग्लै पाटो । यो पुस्तक पढेपछि पो आफ्नै छिमेकी दिदी डा. दुर्गा पोखरेलले पनि बुटपालिस गरेर पञ्चायती व्यवस्थाको जग हल्लाएको थाहा पाएँ ।



पानी पतिया : म आफू भयानक युद्ध लड्ने लाहुरेको छोरा हुँ । बुबाबाट सानै उमेरमा मैले युद्धका आङै सिरिंग हुने एकादेशको कथाजस्ता लाग्ने तर सत्य घटना सुन्ने अवसर पाएँ । मैले किशोर वयका काङमाङ नरेशलाई धरानमा भेट्दा उनी गोलीका पर्राहरूजस्तै लाग्ने कविता वाचन गर्दै गरेको भेटिन्थे । तर, पछि उनी आफैँ कलम होइन, रहर वा बाध्यताले बन्दुकै बोक्न लाहुर गएछन् । लाहुरमा खाएको गोताले माझिएका उनी अहिले युद्धकविको रूपमा परिचित छन् । उनको कृति 'पानी पतिया'ले म आफैँ लाहुरेको छोरालाई छुनसम्म छोयो । लाहुर पुगेपछि सांस्कृतिक अतिक्रमणको चपेटामा पर्न बाध्य नेपाली आदिवासीको व्यथा यस पुस्तकमा पढ्न पाइन्छ ।



दर्ज्यू संलाप : पत्रकारितामा सक्रिय रहदाँसम्म म आवाजविहीनहरूको आवाज प्रकाशमा ल्याउने प्रयास गर्थें । मलाई कसैको बुई चढेर अग्लिएको मान्छेभन्दा आफ्नै गोडाको भरले उभिएकाहरू महान् लाग्छन् । गौतम बुद्ध भन्छन्, 'अप्पो दिपो भवः ।' भुइँमान्छेको विषय निबन्धकार तथा समालोचक कुमारी लामाको लेखकीय समर्पण हो । यस्तो विषय लेख्ने भएकाले उनी मनपर्ने लेखक हुन् । 'उज्यालो अन्धकार'पछि उनको निबन्ध पढ्न पल्केको हुँ । घटना वा विषयको बेलिविस्तार लगाउने शब्दभण्डार मात्रै होइन निबन्ध, यो त कला र विचारको सिर्जनाको सिलसिला पनि हो । यस्तो सिलसिला मिलाउँदै लेखिएको उनको निबन्ध कृति मैले मन पराएर पढेको सबैभन्दा पछिल्लो पुस्तक हो ।

ममता



● शान्ति तामाङ



मिर्गौला दिएर आमा बचाउने विजया

२२ वर्षको कलिलै उमेरमा दिएकी थिइन् आमालाई मिर्गौला

करोडौं मान्छे मुस्कुराएको देख्छु । तर, हजुरको मुस्कान सबैभन्दा प्यारो लाग्छ आमा । हजुरले दिएको यो मेरो सिंगो शरीरबाट हजुरलाई नै अंग (दायाँ मिर्गौला)दिएर बचाउन पाउँदा खुसी भएको दिन आज । अनि आफूलाई सौभाग्य ठानेको दिन ।'

विजया बिसी (अनिता)ले तीन महिनाअघि सामाजिक सञ्जाल फेसबुकमा लेखेको स्टाटस हो, यो । तीन महिनाअघि फेसबुकमा देखेको यो स्टाटसले उनलाई भेट्ने चाह बढ्यो । दश वर्षअघि भेटिएकी विजया र उनकी आमा सुनकुमारी विश्वकर्मालाई देख्ने इच्छा दिनदिनै बढ्यो । भर्खर आमा भएकी विजयालाई केही महिना कुरेपछि बुधबार भेट भयो । उनी उस्तै थिइन् । दश वर्षे अवधिमा उनी साढे चार वर्ष र चार महिनाका दुई छोराकी आमा बनेकी थिइन् ।

म उनको घर पुग्दा एउटा छोरो विद्यालय गएको थियो । अर्को भर्खर निदाएको थियो । उनकी आमा थेरापीका लागि वसुन्धरा गएकी थिइन् । उनलाई भेट्नेबित्तिकै स्टाटस लेखेको दिनलाई कसरी सम्झनुहुन्छ भनेर सोधें । 'समय कति चाँडै बित्यो । मैले यो समय कसरी कटाएँ होला भनेर लागिरहन्छ । के दश वर्ष बितिसकेको होला र !,' उनी भावुक बनिन्, 'यसबिच धेरै उथलपुथल भयो । तर, ममीलाई दश वर्षसम्म राम्ररी हेर्न पाएँ । देख्न पाएँ । ममीको माया, स्पर्शमा बाँच्न पाएँ । मैले मात्र होइन, परिवारले नै उहाँको माया पायो । त्यो जीवनको एउटा खुसी, हर्ष हेर्न पाएको दिनलाई सबैसँग बाँड्न पाएको दिन थियो ।' आज उनीसँगै आमा स्वस्थ्य जीवन बाँचिरहेकी छिन् ।

आमालाई मिर्गौला दिँदा उनी भर्खर २२ वर्ष लागेकी थिइन् । उनको यो निर्णयलाई चिकित्सकले समेत विश्वास गर्न सकिरहेका थिएनन् । तर, उनले मिर्गौला फेरेर पनि पहिलेको जस्तै सामान्य अवस्थामा फर्किन सकिन्छ भन्ने चाल पाएपछि निर्णयप्रति अडिग रहिन् । 'पिसिएल दोह्रो वर्ष पढ्दै गर्दा ममीको मिर्गौला फेल भनेर अस्पताल भर्ना गरियो । पढाइ सकेपछि ममीको उपचार म आफैँ गर्छु भनेर राष्ट्रिय मिर्गौला उपचार केन्द्रमा तालिम लिएँ । त्यतिवेलासम्म मिर्गौला फेरेर ठिक हुन्छ भन्ने थाहै थिएन,' विजयाले भनिन्, 'तालिमपछि सुमेरु अस्पताल धापाखेलमा डाइलासिस वार्डमा काम गर्ने । त्यतिवेला अरू बिरामीसँगै ममीलाई सातामा तीनपटक सुई लगाउनुपर्थ्यो । डाइलासिस गर्दाको त्यो पीडा मैले नजिकबाट देखेकी थिएँ । यस्तै दिन-प्रतिदिन ममीको स्वास्थ्य बिग्रिरहेको थियो । त्यसपछि यो समस्याबाट बचाउन डाइलासिसभन्दा अरू के उपाय छ भनेर डा. ऋषिकुमार काफ्लेसँग सल्लाह गर्ने । उहाँले मिर्गौला फेर्नुपर्छ भनेर सुझाउनुभयो ।'

डा. काफ्लेको सुझावपछि उनले मनमनै निर्णय लिइन्, आमालाई मिर्गौला दिन्छु । किनभने १० वर्षे जनयुद्धताका तितरवितर भएको उनको परिवारको पुनर्मिलन भएको चार वर्ष मात्र भएको थियो । भर्खर कान्छी बहिनी जन्मिएकी थिइन् । मिर्गौला दिनका लागि आफन्त नै हुनुपर्थ्यो । त्यसैले यो सबै अवस्थालाई मध्यनजर गरेर मिर्गौला दिने मनस्थिति बनाएकी थिइन् । 'सानी बहिनी जन्मेको सात महिनामै ममी बिरामी पर्नुभएको थियो । त्यो सानो बहिनीको माया लाग्यो । माइली बहिनीलाई मेरो जिम्मा लगाएर जनयुद्धमा होमिनुभएका कारण अरू दुई बहिनी र हामी सँगै हुन पाएका थिएनौं । शान्ति सम्झौतापछि ०६४ सालमा मात्र हामीले अरू दुई बहिनी देख्न पाएका थियौं । यो माहोललाई मध्यनजर गरेर जेठी छोरी भएको नाताले मैले मिर्गौला दिने निर्णय गरेकी थिएँ ।'

यस्तो मनसाय बनाएपछि उनले बुबा दलजित श्रीपाली (तत्कालीन युवा तथा खेलकुदमन्त्री)लाई सोधिन्, 'उहाँले सुरुमा आनकानी गर्नुभयो, यस्तो निर्णय नगर भन्नुभयो, तर मैले धेरै सम्झाएँ, बुझाएँ । अन्ततः तिमीलाई आफ्नी आमाको सेवा गर्ने इच्छा नै हो भने मैले के भनम ।'

त्यसपछि बाँकी रह्यो, श्रीमान् र उनको परिवारको अनुमति । भर्खर विवाह भएकाले श्रीमान्को परिवारलाई सोध्न निकै गाह्रो भएको थियो । तर, अनुमति सजिलै पाइन् । उनले सोधेको वाक्य पूरा नहुँदै श्रीमान् र उनको परिवारबाट सकारात्मक जवाफ पाइन् ।

तर, मैले दिएको मिर्गौलाले राम्रो काम गरेन । आमाबुबाको सेवा गर्न पनि हामीलाई सोध्न पर्छ र ? भन्ने जवाफ पाएपछि उनलाई हर्षले नाचूँ भैं लागेको उनले बताइन् । 'ज्वाइँभन्दा माथि उहाँ मेरो घरको जेठो छोरो हो । उहाँले यति निर्णय नगरेको भए, आफ्नै परिवार बनाऔं मात्र भनेको भए त धेरै गाह्रो हुन्थ्यो । बुबाले मात्र के गर्न सक्नुहुन्थ्यो र ?,' ती दिनलाई सम्झेर उनले गहभरि आँसु बनाइन् ।

सबै प्रक्रिया पूरा गरेपछि मिर्गौला दिने दिन (२० माघ) आयो । शिक्षण अस्पताल महाराजगन्जमा बिहान विजयाले आमालाई मिर्गौला दिइन् । उनले त्यो दिन सम्झिइन्- अप्रेसन गर्न थियटर लैजानुअघि केही प्रश्न डाक्टरले सोधे । त्यसको जवाफ विनाहिच्किचाहट दिएँ ।

डाक्टर : नाम के हो ?

विजयाः मेरो नाम विजया बिसी हो ।

डाक्टरः सानै छौ । आमालाई मिर्गौला दिने यस्तो निर्णय किन गऱ्यौ ?

विजयाः ममीले मलाई जन्म दिनुभयो । मैले आफ्नो एउटा अंग दिनलाई के नै भयो र ! मैले आफ्नो कर्तव्य

साप्ताहिक राशिफल

१० जेठ (शनिबार)
१६ जेठ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा नयाँ जिम्मेवारीका साथ नयाँ कार्य प्रारम्भ हुनेछ । धर्मकर्म तथा समाजसेवामा मन लागिरहनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । साताको मध्यमा कुनै कुराले मनमा शान्ति छाउनेछ । साताको अन्त्यमा लामो समयदेखि रोकिएका अधुरा कार्यले पूर्णता पाउनेछन् ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको प्रारम्भमा नयाँ सवारीसाधन खरिद-बिक्रीको योग रहेको छ । आर्थिक कारोबारमा सफलता मिल्नेछ । वैदेशिक क्षेत्रसँग सम्बन्धित कार्य अघि बढ्नेछ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । सेयरको कारोबारबाट सफलता मिल्नेछ । यात्रा र घुमफिरको योग पनि जुरेको छ । आफन्तहरूको सहयोगमा महत्त्वपूर्ण कार्य सफल हुनेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

मिहिनेतपूर्वक काम गर्दा चिताएको फल प्राप्त हुनेछ । शत्रु र प्रतिस्पर्धीहरू पछिपरे पनि ईर्ष्यालु आफन्तले काम बिगार्न सक्छन् । व्यापार-व्यवसायमा वृद्धि हुनुका साथै आम्दानीका स्रोत पनि बढ्नेछ । बुधबारबाट इच्छा र आकांक्षा पूर्ण हुनेछ । आकस्मिक धनलाभ हुनेछ । सप्ताहान्तमा प्रतिस्पर्धीहरू पराजित हुनेछन् र मनग्ये धनलाभ पनि हुनेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

साताको प्रारम्भमा स्वास्थ्यको भने विशेष ख्याल राख्नुपर्ने देखिन्छ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । शुभकार्यको चर्चा चलिरहनेछ । रमाइलो यात्राको योग रहेको छ । प्रेमजीवन सफल र सुखद रहने देखिन्छ । नयाँ कामको थालनी र व्यापार-व्यवसायमा सफलता पाइनेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

सहकर्मीबाट विरोध र कार्य अवरोधले मनमा अशान्ति बढ्नेछ । आर्थिक कारोबारमा विवाद आउनेछ । स्वास्थ्यमा सामान्य समस्या आउन सक्नेछ । बुधबारबाट इच्छा र आकांक्षा पूर्ण हुनेछ । सेयर कारोबारबाट सोचेअनुरूप सफलता मिल्नेछ । खर्च बढ्ने योग रहेको छ । दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । नाम, दाम र इनाम प्राप्त हुनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । लामो समयदेखि रोकिएका कामहरू सुचारु हुनेछन् । बुधबारदेखि मनमा निराशा र शरीरमा आलस्यताका कारण काम अवरुद्ध हुने योग रहेको छ । आफ्नो विचारविपरीत निर्णय हुन सक्छ । गरेका काममा ढिलासुस्ती हुनेछ । साझेदारीको काममा उल्झन आउने र प्रेममा दूरीसमेत आउन सक्छ । विशेष सावधानी अपनाउनु पर्नेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

हिम्मत गर्दा जटिल कामसमेत सजिलै सम्पादन हुनेछ । लगनशीलताले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ । काममा अभिप्रेरित गर्नेहरू प्रशस्तै भेटिनेछन् । रमाइलो जमघटका बिच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ । बोलीको भरमा चिताएको काम बन्न सक्छ । मानसम्मानसमेत प्राप्त हुनेछ । साताको अन्त्यमा घरायसी झैझमेलाबाट जोगिनुपर्नेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

यो सातामा महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । विश्वास गरेकाले साथ दिनेछन् । अतिथिको रूपमा सत्कार पाइनेछ । पुँजीबजार या वित्तीय संस्थाबाट राम्रै लाभ मिल्नेछ । ढिलै भए पनि चिताएको काम बन्नेछ र बुद्धिको उपयोगले दिगो फाइदा दिलाउन सक्छ । विशेष उपहार प्राप्त हुने योग जुरेको छ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको प्रारम्भमा आर्थिक झन्झट आइलाग्न सक्छ, तर अन्तिममा कार्य सफलता मिल्नेछ । स्वास्थ्यको क्षेत्रमा पनि प्रतिकूल हुने देखिन्छ । मिहिनेत गर्दा पहिले रोकिएको प्रतिफल प्राप्त हुनेछ । मानसम्मान पाइनुका साथै विशेष उपहार प्राप्त हुनेछ । साताको अन्त्यमा धर्म तथा समाजसेवामा मन लाग्नेछ । लामो समयदेखि रोकिएका अधुरा काम पूरा हुनेछन् ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको सुरुमा रमाइलो यात्राको योग रहेको छ । आँटेको र सोचेका कार्य पूरा हुनेछन् । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । लगनशीलताले काम अगाडि बढ्नेछन् । साताको अन्त्यमा बाटो काट्दा वा यात्रा गर्दा सचेत हुनुपर्नेछ । स्थानान्तरण र टाढाको यात्रा गर्ने योग रहेको छ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साताको सुरुवातमा वैदेशिक यात्राको अवसर जुर्नेछ । नयाँ जागिरको थालनी हुनुका साथै शिक्षामा सफलता पनि मिल्नेछ । साताको उत्तरार्द्धमा प्रतिद्वन्द्वीहरूले कार्यमा अवरोध ल्याउन सक्छन् । पुँजीबजारले पनि सोचेअनुसार साथ नदिन सक्छ । मानप्रतिष्ठा र ख्याति बढ्ने समय आएको छ । सामाजिक काममा संलग्न हुनुपर्ला ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

व्यापार-व्यवसायमा विशेष लाभ मिल्ने समय छ । व्यावसायिक यात्राको सम्भावना रहेको छ । दाम्पत्य जीवन सुखद तथा समृद्ध बन्ने देखिन्छ । नसोचेको ठाउँबाट धनआर्जन हुनेछ । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । कलासाहित्य तथा संगीतमा रुचि बढ्नेछ । प्रेमीको सहयोग पनि पाइनेछ ।

समीक्षा



● विष्णु नेपाल

उनी जन्मेको जिल्ला खोटाडको सेरोफेरोमा केन्द्रित छ यो उपन्यास । ग्रामीण परिवेशभित्रका विविध पात्र र घटनाक्रमबाट उनिएको यस उपन्यासमा त्यहाँको माटोको सुगन्ध छ । पात्रहरूको चित्रण जीवन्त छ । मानौं, ती हाम्रै आँखाअगाडि उभिएका छन् । तिनले कहिले हँसाउँछन् । कहिले रुवाउँछन् । कहिले छक्क पार्छन् र कहिले मख्ख पार्छन् । उपन्यास पढ्दा यस्तो लाग्छ, हरेक लेखक आफ्नै माटोमा उभिएको हुन्छ । उसले जीवनका सपना त्यहीँबाट देख्न थालेको हुन्छ । प्रकृतिका ऋतुचक्र उसकै जीवनवरिपरि घुमिरहेका हुन्छन् ।

खोटाडपूर्वको माझ किराँत । 'ठाँटी' त्यहाँका किराँतहरूको संस्कृति हो । पहिचान हो । मरेका प्रिय मान्छेका नाममा बनाइएको चौतारी हो । स्मृति चिह्न हो । त्यसबिचमा ठड्याइएको एउटा ढुंगामा बितेर गएका आफन्तको नाम र ऊसँग सम्बन्धित केही कुरा खिपिएको हुन्छ । त्यो ठाँटी चौताराको छेउछेउमा वरपीपल रोपिएको हुन्छ । जहाँ बटुवारेहरू भारी



आमाका साथमा विजया बिसी । तस्बिर : **दिपेन्द्र ढुंगाना**

पूरा गरेको हुँ । आफूलाई सौभाग्य ठानेकी छु । त्यतिभन्दा भन्दै बेहोस भएछु ।

यो वार्तालापको २४ घण्टापछि अर्थात् २१ माघमा मात्र उनले आमालाई भेटकी थिइन् । 'शारीरिक रूपमा निकै पीडा भइरहेको थियो, पानी पानी... भनेर कराइरहेकी थिएँ रे ! त्योभन्दा पीडा त ममीलाई कहिले देख्न पाउँछु भनेर भइरहेको थियो । होस् अनि बेहोस दुवैमा ममीलाई नै सम्झिरहेको थिएँ । जब ममीलाई देखेँ, तब संसार जितेजस्तै भयो । अप्रसेन गरेकाले आलो घाउ उत्तिकै दुखिरहेको थियो । तर, ममीको अप्रेसन सफल भएको सुन्दा सबै पीडा गायब भयो,' उनले भनिन् ।

विगत सम्झिँदै गर्दा एक्कासि उनको अनुहारमा उदासीपन छायो । 'अप्रेसन सफल त भयो तर त्यो खुसी धेरै दिन टिक्न सकेन । चार दिनमा घर आएँ खुसी छाउँदै थियो, लाग्थ्यो यस्तो खालको सुख पनि अनुभव गर्न पाइदो रहेछ । तर, फेरि हामीमाथि कालो बादल मडारिँदै आइपुग्यो । ममीलाई मैले दिएको मिर्गौलाले काम गर्न छोड्यो,' त्यो दिन सम्झदै उनले भनिन् । आलै घाउ बोकेर अस्पताल दगुरिन्, आमा बचाउन कुनै कसर नराख्ने साहास बोकेर । अस्पतालमा आमाको अवस्था देखेर आफूसँग भएको अर्को मिर्गौला दिएर भए पनि बचाउनुपर्छ भन्ने सोच आएको बताइन् ।

'माछालाई पानीविना राख्दा जस्तो हुन्छ, ममीलाई त्यस्तै भएको थियो । पानीविनाको माछाजस्तो गरी छट्पटाइरहनुभएको थियो । उहाँलाई गाह्रो भएको देखेर आफ्ना सबै पीडा भागिसकेको थियो । ममी चाहिँ बाँच्नु पऱ्यो । यो मिर्गौलाले काम गरेको छैन भने मेरो अर्को मिर्गौला पनि छ । त्यो निकालेर दिनू तर ममीलाई बचाइदिनू भनेँ,' त्यो दिन उनको यस्तो कुरा सुनेर डा. दिव्या सिंह केही बोल्न सकिनन् । मात्र उनलाई नआत्तिन भनिरहिन् । बिस्तारै उनको आमाको स्वास्थ्यमा सुधार आउन थाल्यो । ७० दिनसम्म आइसियुमा बसेर उनकी आमा घर फर्किइन् । उनले दिएको मिर्गौलाले २० प्रतिशत मात्र काम गऱ्यो । त्यसपछिका दिनमा गाह्रो हुनेबित्तिकै डाइलासिस गर्नुपर्ने अवस्था भयो । आमालाई मिर्गौला दिएको चार महिनामै उनले अस्पतालको ड्युटी सुरु गरिन् ।

> एउटा मात्र मिर्गौला हुँदा समस्या आउँछ, गाह्रो हुन्छ भन्ने धेरैमा भ्रम छ । तर, त्यस्तो समस्या मलाई आएको छैन । दुइटा मिर्गौला हुँदा र एउटाले गर्ने काम एकै हो । केही अप्ठ्यारो पार्दैन । म आफैँ पनि ठिक छु । ममीलाई मिर्गौला दिएपछि अस्पताल नै गएर बस्ने गरी कुनै समस्या आएको छैन ।

आमाछोरी नै बाँचिरहेका छन् स्वस्थ जीवन

विजयाले दिएको मिर्गौलाले आमाले सात वर्ष बिताइन् । सात वर्षपछि भने त्यो मिर्गौलाले काम गर्न छाड्यो । ती दिन पनि विजयाका लागि निकै कष्टकर भयो । तर, साढे तीन वर्षअघि उनको ठुलोममीले बहिनीका लागि फेरि मिर्गौला दिइन् । त्यो मिर्गौलाले अहिले उनको परिवारमा खुसी छाएको छ । उनकी आमा सामान्य मानिससरह जीवन बिताउन सक्ने भएकी छिन् । 'ममीलाई सात वर्षसम्म निरन्तर डाइलासिस गर्‍यौं । त्यसपछि धेरै ठाउँ गर्‍यौं । ममीलाई झन् गाह्रो हुँदै गयो । फेरि मिर्गौला फेर्नैपर्ने भयो । अनि, ठुलोममीले उसलाई राम्रो हुन्छ भने म दिन्छु भन्नुभयो । उहाँले मिर्गौला दिएपछि धेरै राम्रो हुनुहुन्छ । रेगुलर औषधि खानुपर्नेबाहेक सामान्य मानिसजस्तै हुनुभएको छ,' आमाको दोस्रोपटक भएको पुनर्जन्मलाई उनले यसरी विस्तार लगाइन् ।

कुराकानी भइरहँदा उनको चार महिनाको छोराको निद्रा खुलिसकेको थियो । 'ममीलाई मिर्गौला दिएपछिको मेरो दोस्रो उपहार,' उनले छोरा देखाउँदै उपहार देखाइन् । खुसी बाँडिन् । अहिले उनको आमा त स्वस्थ्य जीवन बाँचिरहेकी छिन् नै, आफू पनि फुर्तिली छिन् । आमालाई मिर्गौला दिएपछि आफूलाई पहिलेभन्दा फुर्तिलो भएको अनुभव गरेकी छिन् । 'एउटा मात्र मिर्गौला हुँदा समस्या आउँछ, गाह्रो हुन्छ भन्ने धेरैमा भ्रम छ । तर, त्यस्तो समस्या मलाई आएको छैन,' उनले भनिन्, 'दुइटा मिर्गौला हुँदा र एउटाले गर्ने काम एकै हो । केही अप्ठ्यारो पार्दैन । म आफैँ पनि ठिक छु । ममीलाई मिर्गौला दिएपछि अस्पताल नै गएर बस्ने गरी कुनै समस्या आएको छैन ।' वेलावेला उनले मिर्गौला भने चेकजाँच गर्ने गरेकी छिन् । मिर्गौलाको अवस्था सामान्य मान्छेको जस्तै रहेको रिपोर्ट आउने गरेको उनको भनाइ छ ।

मैले सोधेँ, 'यो दश वर्षलाई फर्केर हेर्दा कस्तो लाग्छ ?'

'ममीलाई मिर्गौला दिएर १० वर्षदेखि ममीसँगै हुन पाएँ । परिवारसँग बस्न पाएँ । आमा, माया र जीवनको अर्थ बुझेँ,' उनले जवाफ दिइन् ।

यति मात्र होइन, उनले आमा भनेर पुकार्नु र आमा बन्नुमा फरक पाइन् । आफ्नी आमाजस्तै बिरामी बनेकाहरूको सेवा गर्ने अठोट लिन सक्ने बनिन् । अहिले ग्रान्डी सिटी अस्पताल उनको दोस्रो घर भएको छ । त्यहाँका बिरामी दोस्रो परिवारका सदस्य भएका छन् । 'पहिलेदेखि नै मेरो इच्छा बिरामीको सेवा गर्छु भन्ने थियो । ममी बिरामी भएपछि मिर्गौलाका बिरामीकै सेवा गर्ने चाहना बढ्यो । त्यसैले परिवारलाई जस्तो व्यवहार गर्छु, बिरामीलाई त्यस्तै व्यवहार गर्छु । अस्पताल मेरो दोस्रो घर र बिरामी मेरो दोस्रो परिवार हो,' उनले भनिन्, 'मैले उनीहरूको अलि राम्रो हेरचाह गर्न सकें भने बिरामीलाई थप राहत मिल्छ कि भन्ने लाग्छ । उनीहरू उपचार गर्न आउँदा खुसीसाथ आउन सकून् भन्ने लाग्छ । बिरामीसँगै भिजिटरको माया उत्तिकै लाग्छ । बिरामीको स्वास्थ्यसँगै पैसाको चिन्तामा बसेकाहरूको उत्तिकै माया लाग्छ ।'

कुराकानी चलिरहँदा उनकी आमा पनि थेरापीबाट आइसकेकी थिइन् । हामीले तपाईंलाई कस्तो छ भनेर उही प्रश्न गर्‍यौं । 'अहिले ठिकठाकै छु । गर्दननिरको नसा च्यापिएकाले थेरापी गएको थिएँ । दश वर्षअघि तपाईंले देख्नुभएको भन्दा झन् हट्टाकट्टा भएको छु । बिहान, बेलुका घरको कामसमेत गर्छु । सामान्य मान्छेको जस्तै जीवन जिउन पाएको छु,' मन्द मुस्कानमा उनले भनिन् ।

प्रदीप नेपाल
मेरो सगरमाथा, हृदयको अनन्त

संस्मरण



● सुरेश निरौला



जब मनको आकाशमा शोकका काला बादल मडारिन्छन् र हृदयको गंगा मौन भएर आँसुको धारा बन्छ, तब स्मृतिको किनारमा एउटा यस्तो अनश्वर व्यक्तित्व उभिन्छ, जसको जीवन नेपाली माटोको सुगन्ध, संघर्षको संगीत र प्रेमको अमर काव्यले बनेको छ । मेरो मामा, मेरो मार्गदर्शक, मेरो जीवनको ध्रुवतारा प्रदीप नेपाल, जो आज भौतिक रूपमा हामीमाझ नरहे पनि उहाँको विचारको मशाल, साहित्यको उज्यालो र स्नेहको स्पर्श मेरो हृदयको मन्दिरमा सधैँ जीवन्त रहनेछ । उहाँ केवल एक व्यक्ति मात्र होइन, उहाँ मेरा लागि एउटा सगरमाथा हुनुहुन्थ्यो, जसले मेरो जीवनको हरेक आँधीमा अडिग भएर मलाई बाटो देखाइरहयो । उहाँको बिदाइले मेरो मन टुक्रिएको छ, तर उहाँको स्मृतिले मेरो आत्मालाई सधैँ बल दिइरहन्छ ।

भोजपुरको गोगने गाउँ, जहाँ २८ पुस ०१० मा पिता टिकाबल्लभ नेपाल र माता जम्बकुमारी न्यौपाने नेपालको कोखबाट उहाँको जन्म भयो, त्यो पावन भूमि मेरा लागि तीर्थस्थल हो, किनभने त्यहीँ मेरो मामा, मेरो प्रेरणाको स्रोत, यो संसारमा आउनुभयो । भोजपुरको विद्योदय स्कुलमा पढ्दै शिक्षक बन्नुभएका उहाँले ज्ञानको दीप बालेर सयौँ मनलाई उज्यालो दिनुभयो । पढाइको सिलसिलामा काठमाडौं आउनुभयो । यहींबाट उहाँको जीवनले क्रान्तिकारी मोड लियो । पर्चा बाँड्ने क्रममा पक्राउ, नक्खु जेलको अँध्यारो कोठरी, जेल ब्रेक र भूमिगत जीवन, यी संघर्षका पल उहाँका जीवनीका ती सुनौला पाना हुन्, जसले जनताको हृदयमा उहाँलाई अमर बनायो । मेचीदेखि लुम्बिनी, पार्टीको क्षेत्रीय इन्चार्जदेखि केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी, सचिवालय, प्रचार विभाग प्रमुख, पिपल्स भोलिन्टियर्सको नेतृत्व, राष्ट्रिय सभा र प्रतिनिधिसभाको सांसद, पटक-पटक मन्त्री, उहाँको जीवन एउटा यस्तो महासागर थियो, जसको गहिराइमा समाज परिवर्तनका सपना र लहरमा जनताको मुक्तिको गीत बगेको थियो ।

नाताले म उहाँको भान्जो, तर भावनाले उहाँको छायामा हुर्किएको एउटा सिपाही । ०४० सालदेखि काठमाडौंमा उहाँसँगै रहँदा उहाँलाई भान्जो, भाइ, साथी, कमरेड, ड्राइभर र व्यक्तिगत सहायकका रूपमा नजिकबाट चिर्ने । उहाँको प्रत्येक शब्द मेरा लागि जीवनको मन्त्र थियो, प्रत्येक हाँसो मेरा लागि स्नेहको सागर र प्रत्येक कदम मेरा लागि प्रेरणाको उज्यालो । उहाँको सान्निध्यमा बिताएका ती पल, मेरो हृदयको अमूल्य रत्न हुन् । उहाँले मलाई राजनीतिक, प्रशासनिक र सामाजिक क्षेत्रमा काम गर्ने अवसर दिनुभयो, मलाई आफ्नो विश्वासको पखेटा दिनुभयो । उहाँको मार्गदर्शनमा मैले जीवनका कठिन पाठ सिकेँ र स्नेहले मलाई सधैँ अघि बढ्ने हिम्मत दियो । आज म जुन स्थानमा छु, त्यो उहाँको आशीर्वाद, प्रोत्साहन र अटल विश्वासको देन हो । उहाँ मेरा लागि मामा मात्र होइन, त्यो वृक्ष हो, जसको छायामा मैले मेरा सपना बुनेँ । उहाँ ती गंगा हुनु, जसले मेरो मनलाई सधैँ सिञ्चित गरिरहिन् । उहाँको बिदाइले मेरो मनमा एउटा

> नाताले म उहाँको भान्जो, तर भावनाले उहाँको छायामा हुर्किएको एउटा सिपाही । ०४० सालदेखि काठमाडौंमा उहाँसँगै रहँदा उहाँलाई भान्जो, भाइ, साथी, कमरेड, ड्राइभर र व्यक्तिगत सहायकका रूपमा नजिकबाट चिर्ने । उहाँको प्रत्येक शब्द मेरा लागि जीवनको मन्त्र थियो, प्रत्येक हाँसो मेरा लागि स्नेहको सागर र प्रत्येक कदम मेरा लागि प्रेरणाको उज्यालो ।

शून्यता छाएको छ, तर उहाँको स्मृतिले मलाई सधैँ भन्छ कि 'आँसु होइन, संकल्प बोकेर अघि बढ ।'

उहाँको आत्मस्वीकृतिमा लेखिएको छ, 'म एक्लै आएँ, जिन्दगीको लामो हिस्सा एक्लै बिताएँ, आफैँ नेता भएँ, आफैँले नेता पद त्यागेँ, आफैँ साहित्यकार भएँ र जाँदा पनि म एक्लै जानेछु ।' यो सादगी र स्वतन्त्रताको भावना उहाँको जीवनको सार थियो । उहाँले आफ्नो मृत्युपछि कुनै मृत्युकर्म, श्रद्धाञ्जली कार्यक्रम वा लासको प्रदर्शन नगर्न अनुरोध गर्नुभयो । उहाँले लेख्नुभयो, 'मेरो मात्र युग समाप्त हुनेछ, अरू सबै यथावत् रहनेछ ।' तर, मलाई लाग्छ, उहाँको युग कहिल्यै समाप्त हुनेछैन । उहाँको विचार, उहाँको साहित्य र उहाँको संघर्ष हाम्रो हृदयमा सधैँ जीवित रहनेछ । उहाँको यो सादगी र स्वतन्त्रताको भावना देखेर मेरो आँखा आँसुले भरिन्छ र मलाई लाग्छ कि उहाँ साँच्चै मेरो सगरमाथा हुनुहुन्थ्यो ।

प्रदीप नेपाल मेरा लागि मात्र होइन, समग्र नेपाली समाजका लागि एउटा सुरज थियो, जसले हरेक क्षेत्रमा आफ्नो किरण छऱ्यो । सामाजिक सञ्जालमा उहाँप्रति बगेका श्रद्धाञ्जलीका आँसुले यो सत्य उजागर गर्छ, उहाँलाई कोही सामाजिक न्यायको योद्धा भन्छन्, कोही साहित्यका सुरज, त कोही राजनीतिका ध्रुवतारा । उहाँको लेखनीमा समाजको पीडा, किसानको पसिना, मजदुरको संघर्ष र नारीको आहुति जीवन्त हुन्थे । चार दर्जनभन्दा बढी पुस्तक कथा, कविता, गीत, उपन्यास र समाचार लेखन, उहाँको लेखन यति परिष्कृत थियो कि सम्पादनको आवश्यकता पर्दैनथ्यो । उहाँको बोलीमा यस्तो जादु थियो कि हरेक शब्दले मन छुन्थ्यो । प्रत्येक जिल्लाका कार्यकर्तालाई नामले चिनेर बोलाउने, युवालाई सधैँ अगाडि बढ्न प्रेरित गर्ने र समस्याको तत्काल समाधान दिने उहाँको अलौकिक क्षमता मेरा लागि सधैँ आश्चर्यका विषय थिए ।

उहाँको जीवन नेपाली संस्कृतिको त्यो मालश्री धुन थियो, जसले हृदयलाई शान्ति र प्रेरणा दिन्थ्यो । जसरी कोशीले तृषित भूमिलाई सिञ्चित गर्छ, त्यसरी नै उहाँको विचारले समाजका सीमान्तकृत, दलित, जनजाति, मधेशी र अल्पसंख्यक समुदायलाई आशा र आत्मसम्मान दियो । उहाँले अन्तर्जातीय विवाह गरेर सामाजिक समताको सन्देश दिनुभयो, जुन नेपाली समाजमा एउटा क्रान्तिकारी कदम थियो । गुटबन्दीलाई घृणा गर्ने, स्वच्छ छविका साथ भ्रष्टाचारको कुनै दाग नलागेका उहाँ सधैँ सादा जीवन र उच्च विचारका प्रतीक रहनुभयो । स्वर्गीय जननेता मदन भण्डारीलाई आफ्नो एक मात्र नेता मान्ने उहाँले वामपन्थी एकताको सन्देश बोकेर कम्युनिस्ट आन्दोलनलाई एकताको धागोमा उन्नुभयो । विभिन्न समूहमा छरिएका कम्युनिस्टलाई एकताबद्ध गर्न, कार्यगत एकता गर्न र साझा मुद्दामा सहमति कायम गर्न उहाँले खेलेको भूमिका नेपाली राजनीतिक इतिहासको स्वर्णिम अध्याय हो ।

मदन-आश्रित स्मृति प्रतिष्ठान र प्राविधिक शिक्षालयप्रति उहाँको समर्पण मेरा लागि सधैँ प्रेरणाको स्रोत रह्यो । ०५० मा संयोजक हुँदै ०५६ देखि अध्यक्षको भूमिकामा रहँदा उहाँले शिक्षालाई हरेक सीमान्तकृत समुदायसम्म पुऱ्याउन आफ्नो जीवन अर्पण गर्नुभयो । मन्त्री हुँदा सिटिइभिटीमार्फत प्राविधिक शिक्षालाई सरल र सुलभ बनाउन उहाँले स्थापना गरेको शिक्षालय आज भव्य भवन र प्रगतिका तस्बिरमा बोल्छ । उहाँको यो योगदानले हजारौँ युवालाई आत्मनिर्भरताको पखेटा दियो । उहाँको दूरदर्शिताले प्रतिष्ठानलाई सामाजिक न्याय, प्रगतिशील चेतना र शिक्षाको मन्दिर बनायो । उहाँले देखाएको यो सपना मेरा लागि ती मखमली फूल हुन्, जो मेरो मनमा सधैँ फुलिरहन्छन् ।

उहाँको बहुआयामिक व्यक्तित्वको अर्को रङ प्रविधिप्रेमी स्वभाव हो । टाइपराइटरदेखि कम्प्युटर, मोटरसाइकलदेखि गाडीसम्म, उहाँ हरेक नवीन प्रविधिमा पोख्त हुनुहुन्थ्यो । रातको चार पहरबाहेक सधैँ काममा समर्पित, उहाँको जीवनको प्रत्येक पल जनताको सेवामा अर्पित थियो । 'काम सुरु गरेपछि सक्नुपर्छ, बोलेपछि गर्नुपर्छ' यो उहाँको जीवनको मूलमन्त्र थियो ।

उहाँको जीवन जस्तोसुकै चुनौतीमा पनि कहिल्यै नझुक्ने सगरमाथा थियो । उहाँको साहित्यले समाजलाई ऐना देखायो, राजनीतिले जनतालाई सपना दियो र नेतृत्वले युवालाई पखेटा दियो । स्वच्छ छवि, भ्रष्टाचारको कुनै दाग नलागेको जीवन र सधैँ जनताका पक्षमा उभिने अडानले उहाँलाई नेपाली राजनीतिमा एक यस्तो नक्षत्र बनायो, जसको प्रकाश कहिल्यै मधुरो हुनेछैन । उहाँको बिदाइ मेरो मनमा एउटा खाडल बनेको छ, तर स्मृतिले मलाई सधैँ भन्छ- यो खाडललाई संकल्पको फूलले भर्नुपर्छ ।

आज उहाँको भौतिक उपस्थिति नरहे पनि विचारको हिमाल मेरो सामु उभिएको छ । उहाँले देखाएको बाटोमा हिँड्नु मेरो कर्तव्य हो, मेरो जीवनको सार्थकता हो । म व्यक्तिगत रूपमा उहाँको सपनालाई साकार पार्न हरपल समर्पित रहनेछु । उहाँको स्मृति मेरा लागि ती मखमली फूल हुन्, जो कहिल्यै ओइलाउँदैनन् । ती हिमालका हिउँ हुन्, जो कहिल्यै पग्लिएर सकिँदैनन् । ती मालश्रीका धुन हुन्, जो मेरो मनमा सधैँ गुञ्जिरहन्छन् ।

अन्त्यमा म उहाँको आत्मस्वीकृतिको भावनालाई सम्मान गर्दै दिवंगत आत्माको चीरशान्तिको कामना गर्छु । शोकसन्तप्त परिवारजन, आफन्तजन र समस्त शुभचिन्तकप्रति मेरो गहिरो समवेदना । यो दुःखद् घडीमा, आउनुहोस्, हामी उहाँको स्मृतिमा आँसु होइन, संकल्पका दीप बालेर उहाँले देखाएको बाटोमा अघि बढौँ । मामा, तपाईं मेरो हृदयको मन्दिरमा सधैँ सजिएको अनन्त आलोक हुनुहुन्छ । तपाईंप्रति मेरो अनन्त प्रेम र श्रद्धाञ्जली !

'ठाँटीको घाम' तापेपछि

बिसाउँछन् । एकछिन सुस्ताउँछन् र जिन्दगीका गीत गुन्गुनाउँछन् । यो 'ठाँटीको घाम' उपन्यास त्यसैको सेरोफेरोमा केन्द्रित छ ।

'...बा रेडियो बोकेर हिँडे । दिखुवापारि पुगेपछि बालाई दिसा लागेछ । बालाई रेडियो मार्न र खोल्न सिकाउन काकाले बिर्सेछन् । रेडियोका मान्छे आफैँ चुप लाग्लान् भनेर बाले सोचेका रछन् । ...तिमरु चुप लागेर वरै बस भनेर बाले सतीबयरका बुटामुनि रेडियो राखेर पर्तिर लागेछन् । तर, रेडियोमा बोल्ने मान्छे चुप नलागेपछि रेडियोका मान्छेले दिसा गरेको देख्लान् भनेर बाले सतीबयरका सेउला भाँचेर रेडियो छोपेछन् ।'

यस्ता रोचक कथा धेरै छन् उपन्यासमा । दर्शने, भैरे, बिर्खे, रिट्ठे, नन्दे, इन्द्रे, मालती, कमली र काइँलाउका गोठाले जिन्दगीका खुसी पोखिएका छन् यस उपन्यासमा । पात्रले भोगेका थुप्रै दुःख छन् । स-साना सुख छन् । दुःखभित्र पनि खुसीका झिल्का लुकेका छन् । गाउँले मायाप्रेमका कुरा छन् । साइँली बजू र काइँलाउका सुखदुःखका कथा र अनेक रैथाने कहानी छन् । ती कथा, कहानी र श्रुतिमा गाउँले जिन्दगीका दुःख मिसिएका छन् । परम्परा र विश्वास उभिएका छन् ।


आफ्ना सपना पूरा गर्न देश छाडेर



अरबको मरुभूमिमा भौंतारिएका युवाका कथाव्यथा पनि निकै छन् उपन्यासमा । तर, उपन्यासकार देशको यस भयावह अवस्थाप्रति अत्यन्त चिन्तित छन् र बिदेसिएका युवालाई देश फर्काउने विभिन्न विकल्प अघि सारेका छन् । यहाँका युवामा सरकारी जागिरप्रति पनि ठुलो वितृष्णा छ । तलबले सामान्य अवस्था धान्न पनि मुस्किल छ । चाकडी-चाप्लुसी, आफ्नो मान्छे, राम्रो अफिस, राजनीतिक पार्टीपिच्छेका कर्मचारी संगठन र सरकारी जागिरको यस्तैयस्तै विकृतिको कारण ठाँटीगाउँमा एउटा नयाँ जागरण अर्थात् 'आ-उठ' अभियान सुरु हुन्छ । 'जा' अनि 'गिर्' होइन । 'आऊ' अनि 'उठ' । आफ्नै पौरख र स्वाभिमानमा बाँच । कौडीको भाउमा विदेशमा पसिना बगाउनेहरू आऊ आफ्नै देशमा पसिना पोख । आफू पनि बन र आफ्नो ठाउँ पनि बनाऊ । उपन्यासका प्रमुख पात्र सुदर्शन र सुबानी ठाँटीका घाम हुन् । तिनले बिस्तारै-बिस्तारै आफूजस्तै अरू युवालाई पनि साथमा लिएर पूरै गाउँमा उज्यालो छरिरहेछन् । तिनीहरू गाउँका विश्वास र भरोसा हुन् । विकास र समृद्धिका संवाहक हुन् । उनीहरूको त्याग र सुकर्मले आकर्षित भएर बिदेसिएका युवा आफ्नै गाउँ फर्किन थालेका छन् । सुदर्शन र सुबानीको सत्मार्गमा समाहित भइरहेका छन् ।

यो उपन्यास पढिरहँदा पाठकलाई तानिरहने कुरा धेरै छन् । भाषाशैली कलात्मक छ । यसमा सामाजिक रीतिथितिका कुरा छन् । बिहेमा बेहुला र बेहुली पक्षबिच भनिने सिलोकका घम्साघम्सी छन् । दसैँ र तिहारका रौनक छन् । रोटे र लिंगे पिङका रोचक सन्दर्भ छन् । गाउँमा लाहुरप्रतिको आकर्षण र लाहुरे जिन्दगीका कुरा छन् । माओवादी जनयुद्धका राप र तापका कुरा छन् । कमली र भैरेको प्रसंगबाट बैंसालु मन आफूलाई नियन्त्रण गर्न नसक्दा कसरी जवानीको उर्लंदो भेलमा हाम फाल्छन् र जिन्दगीभर पछुताउँछन् भन्ने कुराको यथार्थ चित्रण छ ।

भ्याप्पै !



रवि मिश्र
@rabimishra





आत्मसमीक्षा

भ्रममा देखेको सपनाले कलाकार बनैं

● **विजय बराल**, अभिनेता

नाटकमा मात्रै होइन, अभिनेता **विजय बराल**ले चलचित्र क्षेत्रमा पनि बेग्लै पहिचान बनाइसकेका छन् । उनले अभिनय गरेको कबड्डी, जारीलगायत दर्जनौं चलचित्र दर्शकले मनमस्तिष्कमा सजाएका छन् । उनको प्रमुख भूमिका रहेको 'पूर्णबहादुरको सारंगी'ले त व्यावसायिक रूपमा अहिलेसम्मकै सफल चलचित्रको संज्ञा पाएको छ ।

मलाई घमण्ड गर्नु छैन । शून्यबाट आएको मान्छे हुँ । अभिनयको निरन्तर अभ्यास गर्दै आएको छु । अभिनय अध्ययन गरेर आएको हुँ । बुझेर आएको मान्छे हुँ । मेरा लागि चलचित्र मात्रै सबैथोक होइन । मैले कलाकारिता गर्ने हो । चलचित्रमा मात्रै अभिनय गर्नु छैन ।

म कमेडियन बन्ने सपना बोकेर सर्लाहीबाट काठमाडौं आएको थिएँ । कमेडियन बनेपछि ठुलो मान्छे भइन्छ, सबैले चिन्छन् भन्ने भ्रम थियो । तर, काठमाडौं आएपछि नाटकको चस्का पस्यो । नाटकमा खेल्न त अभिनय सिक्नुपर्ने रहेछ । अभिनयका लागि नाटकको डेफ्थ बुझ्नुपर्ने रहेछ । संयोगले एक दिन गुरुकुलमा नाटक हेर्न पुगें । त्यतिवेलैदेखि नाटकमा अभिनय यसरी पो गरिने रहेछ भन्ने लाग्यो । यसपछि ४५ दिनको अभिनय प्रशिक्षण लिएँ । अनि बल्ल मेरो चेत खुल्यो । अभिनयको थप गहिराइ बुझ्न मण्डला पुगें । मण्डला नाटक घर आएपछि सपनाको दायरा फराकिलो भयो । नाटक घर बनाउने सपना देखियो । त्यतिवेला पर्दापछाडि बसेर नाटकमा निकै काम गरें ।

नाटकको 'ब्याक स्टेज'मा काम गर्दा धेरै फ्रस्टेट पनि भएँ । नाटकमा अभिनय गर्न कहिल्यै पाउँदिनँ कि भन्ने पनि लाग्थ्यो । कहिले-कहिले त कमेडियन बन्न आएको मान्छे कहाँ फसेँ जस्तो पनि लाग्थ्यो । सपनाविपरीत काम गरिरहेको पने छु कि भन्ने पनि लाथ्यो । आफू निकै राम्रो अभिनय गर्छु भन्ने ममा भ्रम थियो ।

काठमाडौं आएपछि थाहा भयो, कलाकार बन्न सजिलो रहेनछ । यहाँको बाटोमा हिँड्दा पनि हराउँथें । उकालो चढ्छु उस्तै लाग्छ, ओरालो झर्छु उस्तै लाग्छ । सहरले खुब घुमायो । कहिलेकाहीं नसकिने रहेछ भन्ने पनि लाग्थ्यो । तर, अभिनयबाट भाग्न भने सकिनँ ।

मैले बिस्तारै नाटकमा अभिनय गर्न पाएँ । त्यसपछि आफूलाई ठुलो मान्छे सम्झिन थालें । मैले गरेका पात्र चर्चित बन्न थाले । नाटकमा मलाई खोजिन थालियो । एकै वर्ष १३ वटासम्म नाटकमा अभिनय गर्थें । धेरै नाटकमा काम गरेपछि ठुलो र चर्चित भइन्छ भन्ने भ्रममा रहेछु । केही समयपछि चलचित्र 'कबड्डी'मा काम गर्रें । चलभित्रमा मैले अभिनय गरेको 'बिके' पात्र निकै चर्चित बन्यो । पात्र चर्चित त बन्यो तर विजय बराल गुमनामजस्तै थियो ।

'कबड्डी'पछि सहायक भूमिकामा मैले धेरै चलचित्र काम गरें । अधिकांश चलचित्रले मलाई कमेडी कलाकारका रूपमा मात्रै चित्रण गरे । म क्यारेक्टर एक्टर हुँ, जस्तो अभिनय पनि गर्न सक्छु भन्ने ठान्थें । जुन 'पूर्णबहादुरको सारंगी'मा प्रमाणित गर्न पाएँ ।

■ सपना पूरा गर्न तयारी चाहिने रहेछ

मैले अभिनय गरेको चलचित्र 'पूर्णबहादुरको सारंगी' व्यावसायिक रूपमा सफल भयो । जसले नेपाली चलचित्र उद्योगमा व्यावसायिक सफलताको रेकर्ड राख्यो । यसले मलाई देशभित्र मात्रै होइन, विश्वभर रहेका नेपालीमाझ चिनायो । 'पूर्णबहादुर सारंगी'को सफलता संयोगले पाएको सफलता हो, नदेखिएको सपना हो । यसले रातारात चर्चित बनाइदियो । सपना देख्नका लागि पनि आफू तयार हुनुपर्ने रहेछ । सपना देखेपछि पूरा हुन्छ भनेर बस्नुहुँदैन रहेछ । कतिपयले सपना देखेपछि आफैं पूरा हुन्छ भनेको सुनिन्छ । तर, सपना आफैं पूरा नहुने रहेछ । पूर्णबहादुरको सारंगीपछि मलाई यस्तो महसुस भयो ।

> कमेडियन बनेपछि ठुलो मान्छे भइन्छ, सबैले चिन्छन् भन्ने भ्रम थियो । तर, काठमाडौं आएपछि नाटकको चस्का पस्यो । नाटकमा खेल्न त अभिनय सिक्नुपर्ने रहेछ । अभिनयका लागि नाटकको डेफ्थ बुझ्नुपर्ने रहेछ । संयोगले एक दिन गुरुकुलमा नाटक हेर्न पुगें । त्यतिवेलैदेखि नाटकमा अभिनय यसरी पो गरिने रहेछ भन्ने लाग्यो । यसपछि ४५ दिनको अभिनय प्रशिक्षण लिएँ । अनि बल्ल मेरो चेत खुल्यो ।

त्यसयता ममा अलि अहंता बढ्यो होला । 'पूर्णबहादुर...' अघिको विजय बराल र अहिलेको विजय बराल फरक भयो होला । यो बजारले बनाइदिएको हो । हिजो मलाई मास्क नलगाई हिँड्दा पनि चिन्दैनथे । बिकेको पात्रले मात्रै परिचित थिएँ । गुमनामजस्तै थिएँ । तर, मनमा सबैले चिनिदिएहुन्थ्यो भन्ने लाग्थ्यो । अहिले बाटोमा मास्क लगाएर हिँड्दा पनि सेल्फी खिच्न आउने हुन्छन् । यसैले पनि ममा झ्गो बढाइदिएको छ । 'पूर्णबहादुर...'को सफलतापछि पनि नाटकमा अभिनय गरेको छु । किनकि, आफूलाई सन्तुलनमा राख्नु छ । समाजले स्टार त बनाइदियो । तर, आफूभित्र भने सामान्य मान्छे बन्नुपर्छ भन्ने लाग्छ ।

■ स्टारभन्दा कलाकार बन्न चाहन्छु

मेरो नामको अगाडि 'स्टार' जोडिन थालेको छ । यद्यपि, आफूलाई म स्टार ठान्दिनँ । स्टारको मूल्य एकनास हुँदैन जस्तो लाग्छ । कलाकार भनेको त अनवरत हुन्छन् । यसले सिर्फ अभिनय गर्ने हो । त्यसैले म कुशल अभिनेता/कलाकार बन्न चाहन्छु ।

'पूर्णबहादुर' स्टार हो, विजय बराल स्टार होइन । मैले त चरित्र मात्रै गरेको हो । सिनेमाको पात्रचाहिँ स्टार हुन सक्छ । म स्टार होइन, समान्य मान्छे हुँ । म अभिनय मात्रै गर्छु । स्टारमा विश्वास गर्दिनँ । मलाई स्टारको अहंता पनि छैन । 'पूर्णबहादुरको सारंगी'मा समाजको पात्र देखेर दर्शकले मन पराइदिनुभएको हो । मान्छेले सिनेमामा आफूजस्तो मान्छे देख्न चाहन्छ । त्यसैले मेरो पात्र मन पराइदिनुभयो । अभिनय त सबै कलाकारले गर्नुहुन्छ । फिल्मले व्यावसायिक रूपमा कीर्तिमान राख्यो । त्यो जस मैले पाएँ । त्यो जस अरूले पाउँथे होला । तर, मेरो भागमा पऱ्यो । मैले त्यो जस पाउँदा फुर्किन आवश्यक छैन । म सामान्य मान्छे हुनुपर्छ ।

हिजो 'कबड्डी'मा हाफपाइन्ट लगाउने विजयलाई कसैले चिन्दैनथे । त्यही विजयलाई समाजले आज स्टार बनाइदिएको छ । समाजले मेरो अर्कै इमेज बनाइदियो । यो मेरा लागि डरलाग्दो कुरा हो । अहिले मलाई 'एउटा फिल्मका लागि ४० लाख रुपैयाँ पारिश्रामिक लिन्छस् रे' भन्छन् । विजय बरालले अहिले कसैले समय दिँदैन रे भनेको सुन्छु । तर, मलाई त्यस्तो थाहा छैन । यो त समाजले बनाइदिएको भाष्य हो । मैले कसैलाई पनि समय दिन्नँ भनेको छैनँ । अहिले नचाहँदा-नचाहँदै पनि म भिलेनजस्तो भइसकेँ । मैले कसैलाई ४० लाख पारिश्रमिक पनि मागेको छैन ।

फिल्म चलेको वेला सामाजिक सञ्जालमा मेरो चर्चा भयो । नेपालका अधिकांश मिडियाले कभर गरे । सबैतिर छाइरहेँ । यसअघिसम्म मेरो पात्र ब्रान्ड भएको थियो । सिनेमाले मेरो नाम ब्रान्डिङ गरिदियो । पूर्णबहादुर र विजय बराल पर्यावाची बने । 'पूर्णबहादुर...'को सफलतापछि पनि नाटक गरिरहेको छु । मलाई घमण्ड गर्नु छैन । शून्यबाट आएको मान्छे हुँ । अभिनयको निरन्तर अभ्यास गर्दै आएको छु । अभिनय अध्ययन गरेर आएको हुँ । बुझेर आएको मान्छे हुँ । मेरा लागि चलचित्र मात्रै सबैथोक होइन । मैले कलाकारिता गर्ने हो । चलचित्रमा मात्रै अभिनय गर्नु छैन ।

म भावनात्मक मान्छे हुँ । कसैले यो गर्नुपऱ्यो भने नाइँ भन्न सक्दिनँ । तर, काममा सम्झौता गर्दिनँ । सम्झौताले धोका दिन्छ भन्ने लाग्छ । स्वतन्त्र भएर काम गर्नुपर्छ । हामी मनले काम गर्न आएका हौं । रंगमञ्चमा मनले काम गरिरहेका छौं । सम्झौता गर्दा परिणाम राम्रो आउँदैन । मेरा कतिपय सिनेमा झुर भए होलान्, नाटक झुर भए होलान्, आफ्नो ठाउँमा छ । तर, मेरो काम गर्ने शैली फरक छ । मैले कामका लागि कसैसँग पनि सम्झौता गरिनँ । अबका दिन पनि त्यस्तो सम्झौता गर्दिनँ ।

प्रस्तुति : **पवन बराइली**

पश्चिमविरोधी भावनालाई पुँजीकरण गरेर उदाइरहेका एक अफ्रिकी स्टार राजनीतिज्ञ

विदेश



● बेन फार्मर



पुटिनको संरक्षण र एआई डिपफेकहरूको सहारालेबुर्किना फासोका ३७ वर्षीय राष्ट्रपति क्याप्टेन इब्राहिम ट्राओरे पछिल्लो समय अफ्रिकन 'आइकन' नै बनेका छन् ।

क्याप्टेन इब्राहिम ट्राओरे बुर्किना फासोका अन्तरिम नेता हुन्, जसले सेप्टेम्बर २०२२ मा लेफ्टिनेन्ट कर्नेल पल हेनरी दामिबालाई हटाएर देशको नेतृत्व गरिरहेका छन् । सोही वर्ष जनवरीमा पूर्वराष्ट्रपति रोक मार्क काबोरेविरुद्ध लेफ्टिनेन्ट कर्नेल दामिबालेगरेको कूमा ३७ वर्षीय ट्राओरेले दामिलालाई सघाएका थिए । तर, दुईबिचको सहकार्य आठ महिनामै टुंगियो ।

ट्राओरे सत्तामा आएदेखि, बुर्किना फासोले तीन पश्चिम अफ्रिकी राज्यहरूलाई क्षेत्रीय निकाय इकोवासबाट बाहिरिन प्रमुख भूमिका खेल्यो । इकोवासबाट बाहिरिएपछि बुर्किना फासो, नाइजर र मालीले विकल्प 'अलायन्स अफ साहेल स्टेट' गठन गरेका छन् । आखिर को हुन् इब्राहिम ट्राओरे ? सन् १९८८ मा बुर्किना फासोको एक सानो सहर बोन्डोकुईमा जन्मिएका ट्राओरेले नजिकै रहेको देशको दोस्रो ठुलो सहर बोबो डिओलासोमा माध्यमिक विद्यालय पूरा गरे । त्यसपछि देशको राजधानी बागादुगु सरेका ट्राओरेले त्यहीं विश्वविद्यालय अध्ययन पूरा गरे ।

स्नातक तह पूरा गरेपछि सन् २०१० मा २२ वर्षको उमेरमा उनी सेनामा भर्ती भए । बुर्किनाबे सेनाको अफिसर स्कुल जर्जेस नामोआनो मिलिटरी एकेडेमीमा आफ्नो अफिसर तालिम लिएर उनले सन् २०१२ मा सेकेन्ड लेफ्टिनेन्ट बने । सन् २०१४ मा लेफ्टिनेन्टमा पदोन्नति भएपछि युनाइटेड नेसन्स मल्टिडाईमेन्सनल इन्टिग्रेटेड स्टबलाइजेसन मिसन टु माली (संयुक्त राष्ट्र संघीय बहुआयामिक एकीकृत स्थिरीकरण माली मिसन (मिनुस्मा)मा शान्तिसेनाको रूपमा सेवा गरे ।

मिनुस्मासँगको सेवापछि, ट्राओरेले विशेष आतंकवादविरोधी एकाइको सदस्यका रूपमा उत्तरी बुर्किना फासोमा चलेको सैन्य मिसनमा सहभागी भए । सन् २०२० मा ३२ वर्षको उमेरमा उनलाई कप्तान पदमा पदोन्नति गरिएको थियो । लेफ्टिनेन्ट कर्नेल दामिबाले जनवरी २०२२ मा तत्कालीन राष्ट्रपति काबोरेविरुद्ध कू गर्दा उनले समर्थन जनाएका थिए । कूमा समर्थन गरेका कारण दामिबाले ट्राओरेलाई बुर्किना फासोको मध्य क्षेत्रमा तोपखाना रेजिमेन्टको प्रमुखको रूपमा नियुक्त गरे । दामिबाले सेनाभित्र प्रभाव र लोकप्रियता गुमाउँदै गएको स्थितिमा ट्राओरे र कनिष्ठ अधिकारीहरूको एक समूहले उनलाई नै कूमार्फत हटाएका थिए । जबर्जस्ती सत्ता हात लिने प्रयासमा ११ सैनिक र दर्जनौं नागरिक मारिएका थिए । सत्ता कब्जा गरेर अन्तरिम राष्ट्रपति घोषित भएपछि धेरै देशवासीले उनको नाम पहिलोपटक सुनेका थिए । त्यस्तोमा गत साता क्रेमलिनमा भ्लादिमिर पुटिनलाई भेट्दा यी नेताबारे रुस र बाँकी पश्चिमका मानिसलाई यी को हुन् भन्ने अज्ञानता हुनु स्वाभाविक हो ।

पश्चिमका लागि अपरिचत यी युवा नेताले पछिल्लो अढाई वर्षमा आफूलाई अफ्रिकाको केही भागमा एक 'आइकन'का रूपमा विकास गर्न सफल भएका छन् । यसमा उनलाई रुस र विशेषगरी सामाजिक सञ्जालमा भाइरल बनेका एआई निर्मित भिडियोले सघाइरहेको छ । पश्चिम त्यसमा पनि विशेषतः पूर्वऔपनिवेशिक शासक फ्रान्समाथिको निर्भरता कम गर्नेतर्फ उनले चालेको कदमले निराश अफ्रिकी युवाहरूमाझ उनको मसिहा (मुक्तिदाता) छविसम्म बनेको छ ।

केहीले उनमा सन् १९८० को दशकमा बुर्किनो फासोमा चार वर्ष शासन गरेका मार्क्सवादी र प्यान-अफ्रिकन(अफ्रिका एकताका पक्षधर) क्रान्तिकारी थोमस संकाराको प्रतिछायाँ पनि देख्न थालेका छन् । विश्लेषकहरू र कूटनीतिज्ञहरूले भने उनको बढ्दो लोकप्रियतामा अफ्रिकाका बयोवृद्ध नेतृत्वहरूप्रतिको मोहभंग जिम्मेबार देख्छन् । साथमा उनले सुरु गरेको स्वाभिमान राजनीतिमा अफ्रिकी जनताले पश्चिमसँग समान सम्बन्धको चाहना पनि प्रतिबिम्बित भएको विश्लेषण भएको छ । यसलाई रुसको दुष्प्रचार अभियानले थप बढाएको आरोप छ । आलोचकहरूले दुष्प्रचारमार्फत उनलाई पश्चिमविरोधी 'आइकन' बनाउने र बुर्किना फासोको दयनीय सुरक्षा अवस्थाबाट ध्यान मोड्ने प्रयासका रूपमा व्याख्या गरेका छन् ।

ट्राओरेको आगमनपछि उनी र उनका रुसी भाडाका सेनाले पनि बुर्किना फासोको सुरक्षा अवस्था सुधार्न सकेका छैनन् । नाजुक सुरक्षा अवस्थाका बिच ट्राओरलाई पश्चिमी शक्तिहरूको अवज्ञा गर्ने र आफ्नो देशको प्रतिष्ठा पुनः प्राप्त गर्ने निडर सुधारकको रूपमा चित्रण गर्ने सूचना सामाजिक सञ्जालमा व्यापक फैलिएका छन् । यस शक्तिशाली अनलाइन अभियानबाट छोटो समयमै उनले अफ्रिकी नायकको स्थान सुरक्षित गरेका छन् । अन्य अफ्रिकी देशका नागरिकले उनको जोशलाई आफ्ना नेताहरूको कमजोरीसँग तुलना गरिरहेका छन् ।

सिग्नल रिस्कका निर्देशक रायन कमिंग्सका अनुसार ट्राओरेको उदयले धेरै अफ्रिकी नेताहरूलाई असहज बनाएको बताए । रक्तपातपूर्ण इस्लामी विद्रोहसँग जुध्न असफल नेतृत्वप्रति उत्पन्न जनआक्रोशलाई पुँजीकृत गर्दै सन् २०२२ को कूपछि ट्राओरेले सत्ता सम्हाले । सत्तामा पकड बलियो बनाएपछि उनको सैन्य सरकारले देशमा दशकौंदेखि तैनाथ फ्रान्सेली सेनाहरूलाई बाहिर निक्लन आदेश दियो । फ्रान्सेली फौज बाहिरिएपछि तिनको स्थान अहिले रुसी फौजले लिएको छ । त्यसपछि उनले छिमेकी माली र पछि नाइजरसँगै साहेल क्षेत्रमा रुस समर्थित सैन्य सरकारको बेल्ट नै निर्माण गर्न भूमिका खेले ।

मस्कोले यस क्षेत्रको खानी, विशेषतः सुनखानीमाथिको पहुँचको बदलामा भाडाका सैनिकहरू, हतियार र विशेषज्ञता प्रदान गरेको छ । रुससँग गठबन्धनको विभिन्न फाइदामध्ये ट्राओरेले उसको सशक्त दुष्प्रचार संयन्त्रको पनि साथ पाएका छन् । त्यो संयन्त्र अहिले ट्राओरेलाई अफ्रिकी 'आइकन' बनाउन तल्लीन देखिन्छ । सामाजिक सञ्जालमा व्यापक सेयर गरिएका पोस्टले ट्राओरेबारे धेरै भ्रामक दाबी गरेका छन् । जस्तै, एक पोस्टमा उनले देशको सबै सार्वभौम ऋण चुक्ता गरेका दाबी गरिएको छ । अनि अर्कोमा सहेल क्षेत्रका सैन्य शासनप्रतिमा आमसमर्थन रहेको बताइएको छ । एक पोस्टले त डोनाल्ड ट्रम्पले समेत ट्राओरेको नेतृत्वको प्रशंसा गरेको भनिएको छ । अर्को व्यापक सेयर गरिएको पोस्टमा बुर्किना फासोले स्वतन्त्र रूपमा अफ्रिकामै पहिलो विद्युतीय कार विकास गरेको भनिएको छ ।

यो महिनाको सुरुमा जारी गरिएका केही डिपफेक एआई भिडियोले कथित रूपमा चर्चित अमेरिकी पप गायिकाहरू बेयोन्से र रिहानालगायतका स्टारले उनको सम्मानमा गीत गाएको देखाउँछन् । 'ट्राओरेको पक्षमा प्रचार निकै ठुलो अभियान चलिरहेको देखिन्छ । केही देशका उत्साही युवाबाट स्वतस्फूर्त आएका छन् भने बाँकी ठुलो हिस्सा भने रुस र रुससँग नजिक रहेका ल्याटिन अमेरिकी सहयोगी देशबाट आएको देखिन्छ,' युरोपेली काउन्सिल अन फरेन अफेयर्ससँग आबद्ध बिल ब्राउन भन्छन्, 'यो पश्चिमाविरोधी लोकतान्त्रिकविरोधी एजेन्डाबाट प्रेरित देखिन्छ, जसले निराश युवाहरूमा एक बलियो सैन्य नेतृत्वलाई स्थापित गर्ने प्रयास गर्छ । त्यसबाहेक यस प्रचार अभियानले अफ्रिकी डायस्पोरामा पनि पश्चिमविरोधी भावना फैलाउन पनि केन्द्रित छ ।'

यसैले गर्दा ट्राओरे छिट्टै बुर्किना फासोभन्दा बाहिर अफ्रिकी देशहरूमा समेत आइकन बनेका छन्, जसले अन्य अफ्रिकी नेतालाई अप्ठ्यारोमा पार्ने गरेको छ । गत महिना, नाइजेरियाली अभिनेत्री तथा राजनीतिज्ञ हिल्डा डोकुबोले एक सम्बोधन गर्दै भनेकी थिइन्: 'एउटा नेताले देशलाई आकार दिन्छ भन्ने कुराको प्रमाण हुन्, इब्राहिम ट्राओरे । तर, आज नाइजेरिया जहाँ छ, त्यसमा यहाँ नेताहरूको दुष्टता जिम्मेबार छ ।'

तथापि, ट्राओरेको छविको चमकलाई उनको देशको दयनीय सुरक्षा अवस्थाले गिज्याइरहेको छ । सुरक्षा व्यवस्था कडा बनाउने प्रतिज्ञाका बाबजुद राष्ट्रिय सेनाको पकडमा देशको ३५ प्रतिशत भूभाग मात्र रहेको अनुमान छ । बुर्किना फासोका कैयौं सहर अहिले 'जमात नस्र अल-इस्लाम वाल मुस्लिमिन (जेएनआइएम)' जस्ता जिहादी समूहहरूको घेराबन्दीमा छन् । सशस्त्र द्वन्द्व भइरहेका स्थानको तथ्यांक राख्ने अमेरिकाको 'आर्म्ड कन्फ्लिक्ट लोकेसन एन्ड इभेन्ट डाटा प्रोजेक्ट'को तथ्यांकअनुसार सन् २०२२ मा कू हुनुअघिको वर्षमा सरकार र सशस्त्र समूहबाट मारिएका मानिसको संख्या २,८९४ जना थियो । यो संख्या गत वर्ष ७,२०० पुगेको छ । उनको शासनमा आमनागरिक र मिडियामाथि व्यापक दमन भएको आरोप पनि छ । मे ११ मा ट्राओरे पुटिनसँग भेटेर फर्किँदै गर्दा देशका कैयौं स्थानमा अतिवादीहरूले शृंखलाबद्ध आक्रमण सुरु गरेका थिए ।

अल-कायदासँग आबद्ध पश्चिम अफ्रिकी विद्रोही जेएनआइएमले उत्तरी सहर जिबोमा रहेको एक सैन्य अड्डा कब्जा गरेको बताएको छ । आक्रमणमा २०० सैनिक मारिएको दाबी प्रमाणित गर्न असम्भव छ । तथापि, भूउपग्रहीय तस्बिरले त्यहाँ व्यापक क्षति देखाएको छ । देशको बिग्रँदो सुरक्षा अवस्थाले उनीविरुद्ध नै अर्को सैन्य विद्रोहको जोखिम बढाउँछ । रुसले उनको छवि निर्माण गर्न यति धेरै प्रयास गरिरहेको कारण यही हुन सक्छ । कमिंग्सले भनेः "ट्राओरे साहेल क्षेत्रका सैन्य नेताहरूमध्ये सबैभन्दा बढी सत्ताच्युत हुने जोखिममा छन्, यसैले उनको छवि विकासमा यति मिहिनेत गरिएको हुन सक्छ ।' उनले बाहिर आफूलाई नवउपनिवेशविरोधी नेताका रूपमा प्रस्तुत गरे पनि यथार्थमा भने उनले एउटा युरोपेली शक्तिलाई निकालेर अर्को शक्ति भित्र्याएको देखिन्छ । 'पहिले फ्रान्सले पाउँदै आएको प्राथमिकता अहिले रुसले पाइरहेको छ,' कमिडले भने ।

- द टेलिग्राफबाट

दुई दिनमा १० लाख रुपैयाँभन्दा बढीको अवैध सामान बरामद

बाँके/ बाँके प्रहरीले दुई दिनमा १० लाखभन्दा बढीको अवैध सामान बरामद गरेको छ। मंगलबार राति करिब नौ बजे ६ लाख रुपैयाँबराबरको अवैध सामान बरामद गरेको प्रहरीले बिहीबार पनि चार लाख ८५ हजारबराबरको इलेक्ट्रिक्स र इलेक्ट्रोनिक्सलगायतका अन्य अवैध सामान बरामद गरेको बाँके प्रहरी प्रवक्ता डिएसपी दीपक पातलीले जानकारी दिए। उनले भारतको रुपइडिहाबाट ल्याउँदै गरेको बेवारिसे सामान नेपालगन्ज-कोहलपुर चल्ने नगर बसबाट बरामद भएको बताए। लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ र जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायब निरीक्षक सञ्जित केसी नेतृत्वको संयुक्त टोलीले उक्त बेवारिसे सामान महेन्द्र बहुमुखी क्याम्पसअगाडि रहेको बसबाट बरामद गरेको उनले बताए।

क्यानद्वारा आइटी दिवसमा ५० भन्दा बढी कार्यक्रम सम्पन्न



काठमाडौं/ कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ)ले राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०८२ को अवसरमा सातवटै प्रदेशका ५० भन्दा बढी जिल्लामा सूचना प्रविधिको पहुँचलाई स्थानीय तहसम्म विस्तार गर्ने योजनाका साथ कार्यक्रम सम्पन्न गरेको जनाएको छ। 'डिजिटल नेपाल फ्रेमवर्क २.० र आगामी कार्यदिशा' भन्ने नारामा केन्द्रित रहेर साइबर सुरक्षा, कृत्रिम बुद्धिमत्ता (एआई), डिजिटल साक्षरता, प्रविधि प्रशिक्षणलगायतका क्रियाकलाप सञ्चालन गरेको क्यानले जनाएको छ। महासंघ अध्यक्ष सुनैना पाण्डे घिमिरेले सूचना प्रविधिलाई देशका हरेक कुनामा पुऱ्याउनु जरुरी भएको भन्दै दिवसलाई निरन्तरता दिनुपर्ने बताएकी थिइन्।

पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार बढाउनु जरुरी : ढकाल



काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले पर्यटन प्रवर्द्धनका लागि पूर्वाधारको विकास र कनेक्टिभिटी बढाउन आग्रह गरेका छन्। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहयोग तथा नेपाल पर्यटन बोर्ड र नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)को आयोजनामा शुक्रबारदेखि काठमाडौंमा सुरु भएको तेस्रो बुद्धिस्ट इन्टरनेसनल ट्राभल मार्टको उद्घाटनमा बोल्दै उनले कनेक्टिभिटीका लागि राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई थप प्रभावकारी बनाउनुपर्ने सुझाव दिए।

विद्युत् वितरणमा लापरबाही गर्नेलाई कारबाही : ऊर्जामन्त्री

काठमाडौं/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले विद्युत् सेवा वितरणमा लापरबाही र हेलचेक्र्याइँ सह्य नहुने भन्दै सुरक्षा नीतिलाई सबैभन्दा उच्च प्राथमिकतामा राख्न निर्देशन दिएका छन्। ताप्लेजुङमा भएको विद्युत्को तारमा अल्झिएर भएको बोलेरो दुर्घटनाबारेको छानबिन प्रतिवेदन बुझ्दै मन्त्री खड्काले सो निर्देशन दिएका हुन्। मन्त्री खड्काले गम्भीर चुनौतीका रूपमा लिई सुधारात्मक कदम चाल्न निर्देशनसमेत दिएका छन्।

उच्चस्तरीय आर्थिक सुधार आयोगको प्रतिवेदन कार्यान्वयन गर्न बन्यो कार्ययोजना

अर्थतन्त्र सुधार्न प्राप्त सुझाव कार्यान्वयनका लागि चारजना सचिव सम्मिलित कार्यदलले बनायो दीर्घकालीन रणनीति

पवन तिमिल्सिना/नयाँ पत्रिका

पूर्वअर्थसचिव रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले दिएको सुझाव कार्यान्वयन गर्न सरकारले कार्ययोजना तयार गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका शासकीय मामिला हेर्ने सचिव चूडामणि पौडेल नेतृत्वको कार्यदलले आयोगको सुझावलाई आगामी तीन वर्षभित्र कार्यान्वयन गरेर अर्थतन्त्रमा देखिने गरी सुधार आउने कार्ययोजना तयार गरेको जनाएको छ। कार्ययोजनाअनुसार मन्त्रालय र मातहतका निकायले वार्षिक बजेट र कार्यक्रम बनाउनुपर्ने तथा सम्पादन भएका कामको प्रधानमन्त्री कार्यालयमा नियमित रिपोर्टिङ गर्नुपर्ने जिम्मेवारीसमेत दिइएको छ।

आयोगले दिएका अधिकांश सुझाव अहिले पनि कार्यान्वयनमा रहेको, तर आउँदा दिनमा थप संवेदनशील भएर काम गर्नुपर्ने गरी कार्ययोजना बनाइएको छ। त्यस्तै, केही सुझावलाई एक वर्ष, दुई वर्ष र तीन वर्षभित्र कार्यान्वयन गर्ने गरी योजना लागू गर्नुपर्ने गत मंगलबार मन्त्रिपरिषद्ले स्वीकृत गरेको 'आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, ०८२'मा उल्लेख छ। आयोगले दिएको सुझावअनुसार पाँच सार्वजनिक संस्थान जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र, नेसनल कन्स्ट्रक्सन कम्पनी र नेपाल ओरियन्ट म्याग्नेसाइट प्रालिलाई एक वर्षभित्रै खारेजी प्रक्रियामा लैजाने कार्ययोजना बनेको छ। खारेजीपछि पाँचवटै संस्थाको चल-अचल सम्पत्ति सरकारको नाममा ल्याई व्यवस्थापन गरिने उल्लेख छ।

कार्ययोजनाअनुसार समयमै लेखा परीक्षण नगराउने सार्वजनिक संस्थानका जिम्मेवार पदाधिकारी तथा कर्मचारीलाई कारबाही गरिनेछ। एक वर्षभित्र हेटौंडा सिमेन्ट र उदयपुर सिमेन्ट उद्योगको डिडिए गरेर गाभ्नेसमेत उल्लेख छ। गाभिएपछि उद्योगमा सरकारको केही हिस्सा मात्र राखेर निजी क्षेत्रलाई सेयर बिक्री गर्ने उल्लेख छ।

कार्ययोजनामा समेटिएका प्रमुख आर्थिक नीतिहरू

- एक वर्षभित्र कर्जा र निक्षेपको ब्याजअन्तर कम गर्ने
- एक वर्षभित्र निक्षेपको वास्तविक ब्याजदर धनात्मक र कर्जाको ब्याजदर एकल उच्च अंक वा न्यून दोहोरो अंकमा मात्रै रहने गरी ब्याजदर नीति अवलम्बन गर्ने
- एक वर्षभित्र सरकारी फजुल खर्च कटौती गरिने
- एक वर्षभित्र भारुसँगको विनिमय दरको अध्ययन
- दुई वर्षभित्र १४ कानुन खारेज गर्ने
- एक वर्षभित्र ज्येष्ठ नागरिक भत्ता पाउने उमेर ७० वर्ष कायम गर्ने तथा भत्ता पाउन राष्ट्रिय परिचयपत्र अनिवार्य
- ६ महिनाभित्र लुम्बिनी विकास कोष र पशुपति विकास कोषलाई राष्ट्रिय गौरवको आयोजनाको सूचीबाट हटाउने



- निर्यातमा हुने आयमा १० प्रतिशत मात्र आयकर लाग्ने
- हेटौंडा र उदयपुर सिमेन्ट उद्योग गाभ्ने तथा सरकारको केही हिस्सा मात्र राखेर निजी क्षेत्रलाई दिने
- वायुसेवा निगमको पुनर्संरचना गरी बाह्य रणनीतिक साझेदार भित्र्याएर व्यावसायिक ढंगले व्यवस्थापन गर्ने
- दुग्ध विकास संस्थानलाई सात प्रदेशमा रहने गरी प्रदेश सरकारको सार्वजनिक संस्थानका रूपमा परिणत गर्ने
- सार्वजनिक संस्थान सञ्चालन गर्न सरकारको एकल स्वामित्वमा पब्लिक लिमिटेड कम्पनीका रूपमा होल्डिङ कम्पनी रहन सक्ने व्यवस्था गर्ने
- संस्थानलाई प्रशासनिक खर्च गर्न ऋण नदिने
- उच्च प्रतिफलयुक्त आयोजनाका लागि पूर्वाधार बन्ड
- कर्जा सूचना केन्द्रको क्षमता विकास र आवश्यक कानुनी प्रबन्धसहित व्यक्तिगत क्रेडिट स्कोरिङ निकाल्ने
- मुलुकभर सञ्चालित सबै खालका बैंक तथा वित्तीय संस्था र सहकारीको एकीकृत कर्जा सूचना राख्ने
- उत्पादनमूलक उद्योग, साना तथा लघुउद्यम र निर्यातकर्तालाई तीनदेखि पाँचवर्षे ब्याजदरमा कर्जा दिने
- धितोपत्र बोर्डमा राजस्वसचिव र डेपुटी गभर्नरले प्रतिनिधित्व गर्ने प्रावधान बनाउने, विज्ञ सदस्य थप्ने, निजी क्षेत्र र अन्य निकाय- मन्त्रालयको प्रतिनिधित्व हटाउने
- धितोपत्र कारोबारका लागि धितोपत्र व्यवसायीमार्फत मार्जिन कर्जा उपलब्ध हुने व्यवस्था यथाशीघ्र गर्ने
- जलविद्युत् कम्पनीलाई उत्पादन सुरु गरेपछि मात्र प्राथमिक सेयर निष्कासन गर्न सक्ने व्यवस्था गर्ने
- एक वर्षभित्र किसान क्रेडिट कार्ड जारी गर्ने
- खानी उत्खनन गर्न सरकारले थोरै लगानी गरेर दुई वर्षभित्र पब्लिक कम्पनी खोल्ने, व्यवसायीलाई जिम्मा दिने
- दुई वर्षभित्र जलविद्युत्मा विदेशी ऋण लगानीमा हेजिङको सुविधा, जलविद्युत्मा लगानी भित्र्याउन मद्दत
- धेरै विद्युत् उत्पादन हुने वर्षायाममा उद्योगीलाई एक वर्षभित्रै सहुलियत दरमा बिजुली दिन थालिने
- दुई वर्षभित्र विद्यालय तहबाटै विशेष आइटी कोर्स सुरु गर्ने, युवालाई आइटीमा दक्ष बनाई स्वरोजगार बनाइने
- निर्माण व्यवसायीलाई सुरुमै पेस्की दिएर ठेक्का सम्झौता गर्ने प्रणाली एक वर्षभित्र हटाइने
- दुई लाख डलरभन्दा बढी लगानी गर्ने विदेशी लगानीकर्तालाई घर वा फ्ल्याट खरिद गर्न दिइने
- बिदेसिने क्रम बढेपछि युवालाई देशभित्रै टिकाउन विद्यालय तहबाटै 'आफ्नो मुलुक चिनौं' अभियान थाल्ने
- बागमतीबाहेकका अन्य प्रदेशमा एक-एकवटा सुविधासम्पन्न प्रादेशिक अस्पताल एक वर्षभित्र बनाउने।

■ दर्जनभन्दा बढी कानुन खारेज

दुई वर्षभित्र १४ कानुन खारेज गरिने भएको छ। आय टिकट दस्तुर ऐन, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, निजी वनजंगल राष्ट्रियकरण ऐन, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, क्षतिपूर्ति ऐन, बिर्ता उन्मूलन ऐन, बिर्तावाललेे बिर्तामा रकम (भट्टी, चर्मा आदि) लगाई लिन खान नपाउने ऐन, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, नेपाल एजेन्सी ऐन, प्रादेशिक विकास योजनाहरू (कार्यान्वयन गर्ने) ऐन, सामाजिक व्यवहार सुधार ऐन, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन र वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन खारेज हुने भएका छन्।

■ ढुंगा-गिट्टी निकासीको अनुमति

चुनढुंगा निकाल्ने अनुमति लिएका सिमेन्ट उद्योगले चुनढुंगा उत्खनन गर्ने क्रममा निस्कने डोलोमाइट तथा अन्य ढुंगा-गिट्टी निर्यात गर्न एक वर्षभित्र खुला गर्ने नीति पनि लिइने भएको छ। सरकारले आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटबाटै ढुंगा-गिट्टी निर्यातको नीति लिने तयारी गरिरहेको छ। सरकारलाई सजिलो बनाइदिन उद्योग परिसंघले ढुंगा-गिट्टी निकासी गर्न सुझाव पनि दिइसकेका छन् भने सिमेन्ट उद्योगीले समूह बनाएर ढुंगा-गिट्टी निकासी खुला गर्न लबिङ तीव्र पारेका छन्। निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्रलगायत भित्र थुप्रिएर रहेका काठ तथा ढुंगा-गिट्टी, बालुवाको प्रयोग नीति दुई वर्षभित्र बनाइने भनेर निर्यातका लागि वन मन्त्रालयलाई समेत सामेल गराइएको छ।

■ तेस्रो देशबाट पेट्रोलियम खरिद गरिने

एक वर्षभित्र तेस्रो मुलुकबाट पनि पेट्रोलियम पदार्थ खरिदको नीति लिइने भएको छ। हाल भारतबाट सरकारी स्वामित्वको इन्डियन आयल कर्पोरेसनबाट मात्रै इन्धन आपूर्ति भइरहेको र प्रतिस्पर्धा नहुँदा महँगो मूल्य तिर्नुपरेको गुनासो बढ्दै गएको छ। त्यसैले लामो समयसम्म एउटै स्थान वा बजार वा नाकाबाट पेट्रोलियम पदार्थ आयात गर्नुको सट्टा फरक देश, बजार वा नाका अवलम्बन गर्ने नीति लिनुपर्ने कार्ययोजनामा उल्लेख छ।

■ एक वर्षभित्र कृषिमा वैदेशिक लगानी

सरकारले एक वर्षभित्र कृषि क्षेत्रमा वैदेशिक लगानी खुला गर्ने भएको छ। हालसम्म कृषि क्षेत्रमा वैदेशिक लगानी प्रतिबन्ध लगाइएको थियो, तर आयोगको सिफारिसमा सरकारले कृषिका निश्चित क्षेत्र तोकेर लगानी खुला गर्ने नीति लिएको हो।

लुम्बिनीको नीति तथा कार्यक्रम : सत्ता पक्षद्वारा प्रशंसा, प्रतिपक्षद्वारा आलोचना

बुटवलमा **विष्णु घिमिरे**

लुम्बिनी प्रदेश सभामा प्रस्तुत भएको आगामी आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रममाथि शुक्रबारबाट छलफल सुरु भएको छ। छलफलका क्रममा सत्ता पक्षका सांसदले नीति तथा कार्यक्रमको प्रशंसा गरेका छन् भने विपक्षीले आलोचना गरेका छन्।

प्रदेशको समृद्धिका लागि नीति तथा कार्यक्रमले टेवा पुऱ्याउने भन्दै सत्ता पक्षका सांसदले नीति तथा कार्यक्रममा धेरै क्षेत्रका राम्रा विषय समेटिएको बताए। प्रतिपक्षी सांसदले धेरै विषयवस्तु छुट्नुका साथै नीति तथा कार्यक्रमलाई कार्यान्वयन हुने गरी बजेट



प्रदेश सभामा नीति-कार्यक्रम टेबुल गर्दै मुख्यमन्त्री चेतनारायण आचार्य

आउनेमा पनि आशंका व्यक्त गरे।

माओवादी केन्द्रका दीपेन्द्रकुमार पुनमगरले नीति तथा कार्यक्रममा सामान्य कुरा मात्रै अटाएको र विशिष्ट कार्यक्रम नभएको भन्दै बजेट कार्यान्वयनका क्रममा तालमेल नमिल्ने बताए। राप्रपा सांसद मीनाकुमारी श्रेष्ठले भाषणमा नभई जनताको जीवनमा परिवर्तन देखिने नीति-कार्यक्रमको खाँचो रहेको बताइन्। राष्ट्रिय जनमोर्चा सांसद तारा थापाले औद्योगिक क्षेत्र सुधारलगायतका विषय छुटेको बताइन्।

सत्ता पक्षका सांसदहरू रामजीप्रसाद घिमिरे, विष्णु पन्थी, नीमा गिरी, बसिउद्दीन खालगायतले नीति तथा कार्यक्रमका सही दिशामा आएको भन्दै सशक्त कार्यान्वयनका लागि सुझाव दिए। लुम्बिनी प्रदेशमा कृषि, उद्योग, पर्यटन, पूर्वाधारलगायतका क्षेत्रलाई प्राथमिकतामा राख्दै २०४ बुँदे वार्षिक नीति तथा कार्यक्रम ल्याइएको छ।

सातको बजार

तोलामा ६ हजार २ सय बढ्यो सुन

आइतबारको मूल्य : १,८४,२००

शुक्रबारको मूल्य : १,९०,४००

काठमाडौं/ यो साताभरमा नेपाली बजारमा सुनको मूल्य प्रतितोला ६ हजार दुई सय रुपैयाँ बढेको छ। साताको पहिलो दिन आइतबार तोलामा एक लाख ८४ हजार दुई सय रुपैयाँ रहेको सुनको मूल्य उतारचढावसँगै साताको अन्तिम दिन शुक्रबार आइपुग्दा तोलामा एक लाख ९० हजार चार सय रुपैयाँ कायम भएको छ।

यो साता नेपाली बजारमा चाँदीको मूल्य पनि बढेको छ। साताको पहिलो दिन आइतबार प्रतितोला एक हजार नौ सय ४५ रुपैयाँ रहेको चाँदी साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रतितोला दुई हजार पाँच रुपैयाँ कायम भएको छ।

७६.७ अंकले बढ्यो नेप्से

बिहीबार १९.०४ अंकले बढेर नेप्से २६८८.५५ विन्दुमा कायम

काठमाडौं/ साताभरमा सेयर बजार परिसूचक नेप्से ७६.७ अंकले बढेको छ। गएको साताको बिहीबार २६११.८५ विन्दुमा रोकिएको परिसूचक यो साताको बिहीबार २६८८.५५ विन्दुमा पुगेको हो। लामो समयको रस्साकस्सीपछि नेपाल राष्ट्र बैंकको गभर्नरमा डा. विश्वनाथ पौडेल नियुक्त भएपछि सेयर बजारमा सुधार देखिएको हो।

परिसूचक साताको अन्तिम कारोबार हुने दिन बिहीबार १९.०४ अंकले बढेर २६८८.५५ विन्दुमा पुगेको हो। साताको सर्वाधिक कारोबार बुधबार भएको थियो। बुधबार १० अर्ब ४५ करोड सात लाख रुपैयाँको कारोबार भएको थियो।

५७ अर्ब एफडिआई प्रतिबद्धता

झन्झटिलो कानुनी व्यवस्था र इच्छुक लगानीकर्ताको खोजी नहुँदा प्रतिबद्धताअनुसारको लगानी प्राप्ति गर्न सकस, साना र मझौला उद्योगमा धेरै विदेशी लगानीको प्रस्ताव


नयाँ पत्रिकाको

चालू आर्थिक वर्ष ०८१/८२ को वैशाखसम्म ५७ अर्ब ६ करोड ७६ लाख ७३ हजार चार सय रुपैयाँबराबरको प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता आएको उद्योग विभागले जनाएको छ। सो रकम लगानी गरी पाँच सय ७६ नयाँ उद्योग सञ्चालन गर्ने र १४ हजार सात सय १९ लाई रोजगारी सिर्जना गर्ने लगानीकर्ताको प्रस्ताव छ।


मुलुकमा बर्सेनि ठुलो मात्रामा वैदेशिक लगानीको प्रतिबद्धता आउने गरे पनि प्राप्तिको अवस्था निराशजनक छ। राष्ट्र बैंकका अनुसार चैतसम्म पाँच अर्ब ९६ करोड रुपैयाँ मात्रै वैदेशिक लगानी भित्रिएको छ। जबकि, चैतसम्म करिब ४८ अर्ब लगानीको प्रतिबद्धता आएको थियो। लगानीको प्रतिबद्धता गरेका विदेशी व्यवसायीलाई सरकारले नखोज्ने र इच्छुक लगानीकर्तालाई पनि झन्झटिलो कानुनी व्यवस्था अवलम्बन गर्न लगाउने भएकाले प्रतिबद्धताअनुसार विदेशी लगानी भित्रिन सकेको छैन।

विभागका अनुसार वैशाखमा मात्रै ९७ उद्योग-व्यवसायका लागि नौ अर्ब नौ करोड २२ लाख रुपैयाँबराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ। यसबाट २५ सय ९३ नयाँ रोजगारी सिर्जना हुने लगानीकर्ताको प्रस्ताव छ। विदेशीले ठुला उद्योगमा लगानी प्रतिबद्धता गर्न भने अझै पनि अग्रसरता देखाएका छैनन्। उनीहरूले साना र मझौला उद्योगमा नै धेरै लगानी प्रस्ताव गरेका छन्।

विभागका अनुसार वैशाखसम्म सबैभन्दा धेरै पाँच सय ६२ साना उद्योग-व्यवसायमा लगानीको प्रस्ताव छ। त्यस्तै, १० मझौला र चार ठुला उद्योगमा विदेशी लगानीको प्रस्ताव गरिएको छ।



क्षेत्रगत रूपमा वैदेशिक लगानी



सेवामूलक र पर्यटन क्षेत्रमा धेरै लगानी

विभागको तथ्यांकअनुसार चालू आवको वैशाख मसान्तसम्म सबैभन्दा धेरै सेवामूलक क्षेत्रमा लगानी प्रतिबद्धता आएको छ। यो क्षेको ६६ परियोजनामा २९ अर्ब ९८ करोड ७७ लाख ३० हजार रुपैयाँ लगानी प्रतिबद्धता आएको छ।

पर्यटन क्षेत्रमा दोस्रो धेरै लगानीको प्रतिबद्धता आएको छ। यो क्षेत्रमा दुई सय २३ उद्योग-व्यवसायका लागि २१ अर्ब ३३ करोड ७५ लाख ९० हजार रुपैयाँ लगानी प्रतिबद्धता गरिएको छ। त्यस्तै, उत्पादनमूलक क्षेत्रका ३९ उद्योगमा दुई अर्ब ९२ करोड करोड २० लाख ५० हजार दुई सय र कृषिका १० परियोजनामा एक अर्ब ४२ करोड ६० लाख लगानी प्रतिबद्धता भएको विभागले जनाएको छ।

सूचना प्रविधि क्षेत्रका दुई सय ३५ परियोजनामा एक अर्ब ३१ करोड ८८ लाख तीन हजार दुई सय रुपैयाँ लगानी प्रतिबद्धता भएको छ। पूर्वाधार क्षेत्रका दुई र ऊर्जाको एउटा परियोजनामा क्रमशः पाँच करोड र दुई करोड ५५ लाख लगानी प्रतिबद्धता आएको छ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Urban Water Supply and Sanitation (Sector) Project
Project Management Office
Panipokhari, Kathmandu

"REQUEST FOR QUOTATION (WORKS)"

Date : 24 May 2025 (First Date of Publication)
Grant No. : Grant 9219-NEP
Title : Prevention and Control of COVID-19 through WASH and Health Initiatives in Secondary and Small Town Project (PCCWHISSTP)
Contract No. and Title : PCCWHISSTP/W03/Construction of Public Toilets in Birjung
PCCWHISSTP/W04/Construction of Public Toilets in Gokarneswor
PCCWHISSTP/W05/Construction of Public Toilets in Sundarbazaar and Baglung
PCCWHISSTP/W06/Construction of Public Toilets in Banganga and Birjung
PCCWHISSTP/W07/Construction of Public Toilets in Barahkshetra and Bayarpatti
Deadline for Purchase of RFQ documents : **2 June 2025, 17:00 hrs, Nepal Standard Time (NST)**
Deadline for Submission of Sealed RFQ : **3 June 2025, 12:00 Noon, Nepal Standard Time (NST)**
Opening of Sealed RFQ : **3 June 2025, 13:00 hrs, Nepal Standard Time (NST)**

The **Project Management Office (PMO), UWSSP, Prevention and Control of COVID-19 through WASH and Health Initiatives in Secondary and Small Town (PCCWHISST) Project,** ("the Employer") under JFPR grant invites RFQ from **National Contractors** for Construction of Public Toilets, in Birjung (Parsa), Gokarneswor (Kathmandu), Banganga (Kapilvastu), Sundarbazaar (Lamjung), Baglung (Baglung), Barahkshetra (Sunsari) and Bayarpatti (Siraha) conforming to the required specification in RFQ document.

1. The RFQ Documents can be obtained from PMO Office, Kathmandu after Submission of an application letter along with **VAT, PAN Registration documents and Tax Clearance Certificate of Fiscal Year 2080 /081** and paying NRs. 3000 (Three Thousand).
2. Among the 5 (five) packages, a bidder can bid for maximum only 3 (three) packages.
3. To obtain detail information and inspect the RFQ documents, **Contractor may visit PMO** or should Contact:
   The Project Director
   Project Management Office
   PH : 0977-1-4006647
   Fax: 0977-1-4413280
   Website: www.uwssp.gov.np
   Email: info@uwssp.gov.np
4. The employer reserves all rights to accept or reject one or all bids or cancel the bidding process without stating whatsoever may be the reason.

अपराजित रहँदै प्लानिङ ब्वाइज 'बी' डिभिजन च्याम्पियन

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

प्लानिङ ब्वाइजले अपराजित रहँदै सहिद स्मारक 'बी' डिभिजन लिगको उपाधि उचालेको छ। अघिल्लो चरणममै च्याम्पियन बनिसकेको प्लानिङ ब्वाइजले आफ्नो अन्तिम खेलमा रेलिगेसनमा परेको श्री टुसाल युवा क्लबमाथि ८-३ को सानदार जित निकाली लिग टुंग्याएको छ। दुई वर्षअघि मात्र 'बी' डिभिजनमा उक्लेको प्लानिङ ब्वाइजले शीर्ष डिभिजनमा उक्लन उत्कृष्ट प्रदर्शन गरेको थियो।

दशरथ रंगशालामा प्लानिङ ब्वाइजलाई च्याम्पियनशैलीमा उपाधि दिलाउन फागुराम थारू एक्लैले टुसालविरुद्ध पाँच गोल गरेका थिए। थारूले सबै पाँच गोल पहिलो हाफमा गरेका थिए। लिगमा उनी सर्वाधिक गोलकर्तासमेत भए। यस सिजनको 'बी' डिभिजनबाट श्री भगवती क्लब दोस्रो स्थानमा रहँदै शीर्ष डिभिजनमा उक्लेको छ। टोखाबाट प्रतिनिधित्व गरेको श्री भगवती भने आफ्नो अन्तिम खेलमा सरस्वतीबाट स्तब्ध भयो।

श्री भगवतीले लिगमा एक मात्र हार सामना गरेको सरस्वती युवा क्लबसँग ३-२ ले स्तब्ध भयो। प्लानिङ ब्वाइजले १० जित र तीन बराबरी निकाली सर्वाधिक ३३ अंक बटुल्यो। श्री भगवतीले १३ खेलमा २६ अंक बनाएको छ। दुई वर्षभित्र शीर्ष डिभिजनमा पहिलोपटक उक्लेको प्लानिङ ब्वाइजले पहिलोदेखि अन्तिम खेलसम्म एकरूपता प्रदर्शन गऱ्यो। प्लानिङ ब्वाइज च्याम्पियन हुनुपछाडि फिनिसिङ र डिफेन्समा बलियो देखियो।

फागुरामले लिगमा सर्वाधिक १४ गोल गर्दै टोलीको फिनिसिङ लाइनले कुनै पनि खेलमा कमजोर बनाउन दिएनन्। अर्का स्ट्राइकर प्रतापसिंह राईले पनि थारूलाई उत्तिकै साथ दिए। प्रतापसिंहले लिगमा चार गोल गरेका छन्। यसैगरी, सञ्जय डंगोलले तीन गोल गरे। नवीन परियारले प्लानिङ ब्वाइजलाई तीन खेलमा क्लिन सिट राखे।

विजेताले १५ लाख र उपविजेताले सात लाख पाए

लिग विजेता प्लानिङ ब्वाइजले १५ लाख रुपैयाँ पाएको छ। उपविजेता श्री भगवतीले १० लाख र तेस्रो भएको ब्वाइज युनियनले ५ लाख प्राप्त पारेका छन्। सर्वाधिक गोलकर्ता फागुरामले पनि ५० हजार रुपैयाँ हात पारे। प्लानिङ ब्वाइजलाई च्याम्पियन बनाउन योगदान दिएका प्रतापसिंह राई मोस्ट भ्यालुएबल प्लेयर घोषित भए। उनले एक लाख हात पारेका छन्। वीरगन्जका प्रमिजय गच्छादारले उत्कृष्ट गोलरक्षक हुँदै ५० हजार रुपैयाँ पाएका छन्।



पहिलोपटक 'ए' डिभिजनमा उक्लिएको प्लानिङ ब्वाइजका खेलाडी र अफिसियल खुसी मनाउँदै

अन्तिम खेलमा श्री भगवती स्तब्ध

'ए' डिभिजन लिगमा स्थान बनाइसकेको श्री भगवतीले अन्तिम खेल जितका साथ सकाउने चाहेको थियो। तर, दशरथ रंगशालामा श्री भगवतीले आफूअनुकूल नतिजा निकाल्न नसक्दा लिगमै पहिलोपटक हारको सामना गऱ्यो। लिगको आफ्नो अन्तिम खेलमा सरस्वतीले उपविजेता श्री भगवतीमाथि तीन-दुईको जित निकाल्यो। रोमाञ्चक जितका साथ सरस्वती पाँचौं स्थानमा रह्यो।

सरस्वतीलाई जित दिलाउन नर्बु तामाङ, सबिनकुमार लुंगेलीमगर र नरेशकुमार खत्रीले समान एक गोल गरे। भगवतीका विक्रान्तनरसिंह रानाले दुवै गोल फर्काएका थिए। पहिलो हाफको इन्जुरी समयमा विक्रान्तले भगवतीलाई १-० अग्रता लिएका थिए। खेलको ७३औं मिनेटमा नर्बुले सरस्वतीलाई १-१ को बराबरीमा राखे। विक्रान्तले ७९औं मिनेटमा पेनाल्टीमा गोल गर्दा भगवती दुई-एकले अगाडि राखे। खेलको अन्तिम इन्जुरी समयमा सबिनले पेनाल्टीमार्फत सरस्वतीलाई दुई-दुईको बराबरीमा ल्याए। इन्जुरी समयमै नरेशले सरस्वतीलाई रोमाञ्चक जित दिलाए।

अंकतालिका

क्लब	खेल	जित	ड्र	हार	अंक
प्लानिङ ब्वाइज	१३	१०	३	०	३३
श्री भगवती	१३	७	५	१	२६
ब्वाइज युनियन	१३	६	३	२	२२
वीरगन्ज	१३	५	५	३	२०
सरस्वती	१३	६	०	७	१८
झापा	१३	५	३	५	१८
आरसिटी	१३	५	३	५	१८
च्यासल	१३	५	३	५	१८
मध्यपुर	१३	५	३	५	१८
श्री कुमारी	१३	५	१	७	१६
बाँसबारी	१३	५	०	८	१५
ब्रिगेड	१३	४	३	६	१५
टुसाल	१३	२	५	६	११
नयाँ बस्ती	१३	१	२	१०	५

सर्वाधिक गोलकर्ता

खेलाडी	क्लब	गोल
फागुराम थारू	प्लानिङ ब्वाइज	१४
सन्दीप लिम्बू	बाँसबारी	७
विक्रान्तनरसिंह राना	श्री भगवती	७
यमान महर्जन	श्रीकुमारी	६
दिव्यराम चौधरी	ब्वाइज युनियन	५
प्रज्वल गुरुङ	आरसिटी	५
आशिष थारू	च्यासल	५
अजित गुरुङ	आरसिटी	५
विकी राई	बाँसबारी	४
आशिष गुरुङ	ब्रिगेड	४
विसेह लामा	सरस्वती	४

ह्याट्रिक खेलाडी

खेलाडी	क्लब	विरुद्ध	गोल
मुकुन्द कुमार	ब्रिगेड	च्यासल	४
सन्दीप लिम्बू	बाँसबारी	ब्वाइज युनियन	३
फागुराम थारू	प्लानिङ ब्वाइज	टुसाल	५

आत्मघाती गोल : अमर श्रेष्ठ (आरसिटी), पेमा तामाङ (झापा), मनीष गुरुङ (ब्रिगेड), निमा तामाङ (नयाँ बस्ती), सन्दीप राउत (बाँसबारी), सुशान लामा (ब्वाइज युनियन), पाल्देन तामाङ (श्री कुमारी), अरुण साह (श्री कुमारी), नवीन खवास (नयाँ बस्ती)

विपक्षीविरुद्ध प्लानिङ ब्वाइजको नतिजा

श्री भगवती	१-१
ब्वाइज युनियन	२-१
वीरगन्ज	१-०
सरस्वती	३-०
झापा	२-१
आरसिटी	१-०
च्यासल	४-०
मध्यपुर	२-०
श्री कुमारी	१-१
बाँसबारी	२-०
ब्रिगेड	०-०
टुसाल	८-३
नयाँ बस्ती	५-०

विपक्षीविरुद्ध श्री भगवतीको नतिजा

प्लानिङ ब्वाइज	१-१
सरस्वती	१-१
ब्वाइज युनियन	२-१
वीरगन्ज	१-१
सरस्वती	२-३
झापा	२-०
आरसिटी	३-१
च्यासल	०-०
मध्यपुर	१-१
श्री कुमारी	२-०
बाँसबारी	१-०
ब्रिगेड	२-०
टुसाल	२-२
नयाँ बस्ती	३-०

■ आइपिएल-२०२५

बेंग्लोरमाथि हैदराबादको सहज जित



एजेन्सी

सनराइजर्स हैदराबादले शुक्रबार इन्डियन प्रिमियर लिग (आइपिएल)मा प्ले अफ स्थान पक्का गरिसकेको रोयल्स च्यालेन्जर्स बेंग्लोरलाई ४२ रनले हराएको छ। लखनउको मैदानमा पहिलो ब्याटिङ गरेको हैदरबादले ६ विकेट गुमाएर दुई सय ३१ रन बनाएको थियो। प्रत्युत्तरमा बेंग्लोरले १९.५ ओभरमा सबै विकेट गुमाएर एक सय ८९ रन मात्र जोड्यो। हारसँगै बेंग्लोर १७ अंकका साथ तेस्रो स्थानमा झरेको छ। पन्जाब किंग्सले पनि समान १७ अंक जोडे पनि रनरेटका आधारमा दोस्रो स्थानमा उक्लियो। बेंग्लोरले अन्तिम दुई ओभरमा १० रन जोड्दा चार विकेट गुमाएको थियो।

यसअघि ब्याटिङ गरेको बेंग्लोरले पनि पहिलो विकेटका लागि उत्कृष्ट साझेदारी पाएको थियो। विराट कोहली र फिल साल्टले ४३ बलमा ८० रन जोडेका थिए। साल्ट र मायांक अग्रवालबिच तेस्रो विकेटका लागि २२ बलमा ४० रनको साझेदारी भएको थियो। जितेश शर्मा र रजतले चौथो विकेटका लागि २६ बलमा ४४ रनको साझेदारी गर्दै बेंग्लोरलाई जितको आशा दिलाएका थिए।

कोहलीले २५ बलमा ४३ रन तथा फिलले ३२ बलमा ६२ रन बनाए। जितेशले १५ बलमा २४ रन जोडे।

शतक बनाउन चुके ईशान

पहिलो ब्याटिङ गरेको सनराइजर्स हैदराबादका ईशान किसन शतकीय इनिङ्स खेल्न चुकेका छन्। बेंग्लोरविरुद्ध अन्तिमसम्म नटआउट रहेका ईशानले ९४ रनको योगदान दिए। उनले ४८ बलमा सात चौका र पाँच छक्का प्रहार गरेका थिए। हैदराबादले पहिलो विकेटका लागि अभिषेक शर्मा र टेभिस हेडले ५४ रनको साझेदारी गरेका थिए। अभिषेक र हेड तीन बलको अन्तरमा आउट भएका थिए।

अभिषेकले १७ बलमा समान तीन चौका र छक्का प्रहार गरी ३४ रन जोडेका थिए। हेडले १० बलमा तीन चौकाको सहयोगमा १७ रन बनाए। त्यसपछि ईशानले लगातार सात विकेटसम्म साझेदारी गर्दै टोलीलाई बलियो स्थितिमा राखे। हैदराबादका हेनरिक क्लासेनले १३ बलमा समान दुई चौका र छक्का प्रहार गरी २४ रनको योगदान दिए। अनिकेत वर्माले नौ बलमा २६ रन बनाए। बलिङमा रोमारियोले १४ रन खर्चेर दुई विकेट हात पारे।

हैदराबादका लागि क्लासेन र ईशानबिच तेस्रो विकेटका लागि २७ बलमा ४८ रन साझेदारी भएको थियो। ईशानले वर्मासँग चौथो विकेटका लागि १७ बलमा ४३ रन जोडेका थिए। यसैगरी, उनले प्याट कुमिन्ससँग सातौं विकेटका लागि १८ बलमा ४३ रनको साझेदारी गरे।

पिएसजीविरुद्ध कानुनी उपचार खोज्दै एम्बाप्पे

५५ मिलियन युरो पारिश्रमिक पाउन केलियन एम्बाप्पे पूर्वक्लब पिएसजीविरुद्ध मुद्दा दायर गर्दै

एजेन्सी

फ्रान्सका युवा स्ट्राइकर केलियन एम्बाप्पेले पूर्वक्लब फ्रेन्च पेरिस जर्मेन (पिएसजी)विरुद्ध मुद्दा दायर गर्ने भएका छन्। पिएसजीले पारिश्रमिकबापत् अहिलेसम्म रकम उपलब्ध नगराएका कारण एम्बाप्पले पेरिसको एक अदालतमा मुद्दा दायर गर्ने तयारी गरेको बेलायत मिडियाले जनाएका छन्। गत सिजनमा उनी स्पेनिस क्लब रियल म्याड्रिडमा आबद्ध भएका थिए। म्याड्रिड र फ्रेन्च लिग वान क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी)बिचको सहज वातावरणमै एम्बाप्पेको सम्झौता भएको थियो। एक वर्षपछि एम्बाप्पेले आफ्नो पुरानो क्लबविरुद्ध ५५ मिलियन युरो पारिश्रमिक प्राप्तिका लागि अदालतको ढाको ढकढक्याउन लागेका हुन्।

म्याड्रिड गएको केही समयपछि पिएसजीले एम्बाप्पेलाई बाँकी पारिश्रमिक भुक्तानी गर्ने जनाएको थियो। तर, एक सिजन सकिँदा पनि पुरानो क्लबबाट पारिश्रमिक नपाउँदा उनी अब अदालतको शरणमा जान लागेको बेलायती मिडियाले जनाएको छ। पिएसजीले भने क्लबसँग आबद्ध रहँदा खेलाडीले कुनै पनि ट्याक्स नतिरेको दाबी गरेको छ। पिएसजीलाई एम्बाप्पेलाई पारिश्रमिकबापत तिर्नुपर्ने ट्याक्स पूरा नगर्दासम्म बाँकी रहेको पारिश्रमिक नदिने अडान राखेको छ।

एम्बाप्पेले ट्याक्स चुक्ता गर्ने सबै जिम्मेवारी क्लबको भएको जनाएका छन्। दुई पक्षबिचको आपसी विवादका कारण अब यो अदालतमा पुग्ने सम्भावना छ। गत महिना एम्बाप्पेका कानुनी सल्लाहकार टिमले पेरिसको कोर्टमा आफ्ना क्लाइन्टले पाउनुपर्ने रकमको सामाधान खोज्न पुगेको थियो। यस विवादको मुख्य केन्द्रविन्दु भनेको सन् २०२२ मा एम्बाप्पेले पार्क डेस प्रिन्सेस पिचमा क्लबका अध्यक्ष नासेर अलसँग पोज दिएका कारण मानिएको छ।

एम्बाप्पेले त्यसवेला पिएसजीले प्रतिबन्ध लगाएको टिसर्ट लगाएका थिए। त्यसैवेला उनले पिएसजीमा थप दुई वर्ष बस्ने अनौचारिक सम्झौतासमेत गरेका थिए। तर, सम्झौताविपरीत उनी म्याड्रिडमा आबद्ध भए। पिएसजीबाट स्टार खेलाडीको बहिर्गमन भएको समयमा एम्बाप्पेमाथि ठुलो विश्वास थियो। उनी भने सपनाको क्लब म्याड्रिडमा जाने तयारीमा थिए। सन् २०२३ मा पिएसजीले एम्बाप्पेसँग सम्झौता नवीकरण तयारी गरेको थियो। तर, उनले दुई महिनासम्म क्लबसँग सम्झौता गर्न मानेनन्।



१८० मिलियन युरो ट्रान्सफर

पिएसजीले एम्बाप्पेको ट्रान्सफर भ्यालु १८० मिलियन राखेको थियो। फ्रेन्च खेलाडी निशुल्क ट्रान्सफरमा म्याड्रिडमा आबद्ध हुन चाहेका थिए। दुई वर्षअघि एम्बाप्पेले समर सिजनमा क्लब छाड्दा क्लबलाई आर्थिक भार नपर्ने स्पष्ट पारेका थिए। सिजनको अन्त्यमा उनले क्लब छाड्दा भने पिएसजीले आर्थिक भारको सामना गर्नुपर्ने थियो। यसकारण उनी जसरी पनि समरकै सिजनमा पिएसजी छाड्ने पक्षमा थिए। क्लबले यी दुवै विकल्पमा उनलाई रिलिज गर्दा एक सय ८० मिलियन युरो ट्रान्सफर रकम गुमाउने थियो। तत्काल क्लब एम्बाप्पेलाई छाड्न तयार थिएन। साउदी अरेबियाले पनि फ्रेन्च खेलाडीलाई राम्रो प्रस्ताव गर्दा पनि पिएसजी मान्न तयार भएन। पिएसजीले एम्बाप्पेका माध्यमबाट आफ्नो ब्रान्ड भ्यालु बढाउने योजनामा थियो।

बोनस नपाएको दाबी

अहिले एम्बाप्पेले दाबी गरिरहेको पारिश्रमिक भनेको बोनस हो। युरोपियन च्याम्पियन्स लिगको फाइनलमा पहिलोपटक स्थान बनाउँदा क्लबलाई फ्रेन्च लिग वानको च्याम्पियन बनाउँदा प्राप्त हुनुपर्ने बोनस रकमसमेत नपाएको उनले दाबी गरेका छन्। 'सहमतिअनुसार च्याम्पियन्स लिगको फाइनल तथा फ्रेन्च लिग वानको विजेताका रूपमा मैले पाउनुपर्ने बोनस रकम अहिलेसम्म प्राप्त गर्न सकेको छैन,' एम्बाप्पेले भने, 'क्लबसँगको सम्झौताअनुसारै हरेक खेलाडीले बोनस पाउनुपर्ने थियो, तर पिएसजीले त्यो रकम दुई वर्षसम्म पनि उपलब्ध गराएको छैन।'

■ सूर्य नेपाल च्यालेन्ज

कोर्स रेकर्डसहित शुक्रलाई उपाधि

नयाँ पत्रिका

नेपालका पूर्वनम्बर एक गल्फर शुक्रबहादुर राईले सूर्य नेपाल गल्फटुर २०२४-२५ अन्तर्गतको सातौं प्रतियोगिता सूर्य नेपाल च्यालेन्जमा कोर्स रेकर्डसहित उपाधि हात पारेका छन्। समग्रमा १७ अन्डर दुई सय ५५ को प्रभावशाली स्कोरमा शुक्रले दोस्रो स्थानमा रहेका नीरज तामाङलाई चार स्ट्रोकले हराउँदै उपाधि आफ्नो नाममा लेखाएका हुन्। शुक्रले एमेच्योर गल्फर सद्भाव आचार्यका नाममा रहेको १५ अन्डर ५७ को रेकर्ड तोडे। सद्भावले यही सिजन सूर्य नेपाल काठमाडौं ओपनमा रेकर्ड बनाएका थिए।



उपाधि विजेता शुक्रले एक लाख १० हजार रुपैयाँ प्राप्त गरे। उनको यो करिअरको ११औं उपाधि हो।

यो सिजन तीन उपाधि जितेका नीरजले समग्रमा १३-अन्डर दुई सय ५९ को स्कोर ल्याएका थिए। उपविजेता बनेका उनले ७० हजार रुपैयाँ जिते। समग्रमा आठ अन्डर दुई सय ६४ को स्कोरका साथ दिनेश प्रजापतिले तेस्रो स्थानमा प्रतियोगिता सकाए। उनले ५० हजार रुपैयाँ जिते। नेपालका नम्बर एक गल्फर समग्रमा एक अन्डर दुई सय ७१ स्कोरका साथ नवौं स्थानमा रहेका छन्।

सुरुवातमै तीन स्ट्रोकको अग्रता

शुक्रले दिनको सुरुवातमै तीन स्ट्रोकको अग्रता लिएका थिए। उनले दोस्रोदेखि पाँचौं होलसम्म लगातार चार बर्डी निकाले। यो प्रदर्शनसँगै उनलाई अन्य गल्फरले चुनौती दिन सकेनन्। उनले फ्रन्ट नाइन चार अन्डर ३० स्कोर गरे। शुक्रले ५ पारको १०औं होलमा इगल १३औं र १४औं होलमा समान एक सट बचाउँदै ब्याक नाइन दुई अन्डर ३२ स्कोर गरे। नीरजले पहिलो, चौथो र पाँचौं होलमा बर्डी प्रहार गरेका थिए। सातौं होलको बोगी सामना गरेका उनले फ्रन्ट नाइन २-अन्डर ३२ स्कोर गरे। १०औं होलमा इगल सामना गरेका उनले १२औं र १८औं होलको बर्डी प्रहार गरी ब्याक नाइनमा चार अन्डर ३० स्कोर गरे। दिनेशले फ्रन्ट नाइन एक अन्डर ३३ र ब्याक नाइन २-अन्डर ३२ मा सकाए।

एमेच्योरतर्फ समग्रमा तीन ओभर दुई सय ७५ सहित राहुल विश्वकर्मा च्याम्पियन बनेका छन्। उनले निश्चयजंग रायमाझीलाई एक स्ट्रोकले हराउँदै उपाधि जितेका हुन्। समग्रमा चार ओभर दुई सय ७८ स्कोरसहित निश्चय दोस्रो भए। चार दिनसम्म चलेको प्रतियोगितामा ३६ प्रोफेसनल र ११ एमेच्योरले भाग लिएका थिए।

मणिमुकुन्दको पहिलो जित

कास्की/ नवौं प्रधानमन्त्री भलिबल (एनभिए) लिगअन्तर्गत पुरुषतर्फ मणिमुकुन्द भलिबल क्लबले पहिलो जित निकालेको छ। मणिमुकुन्दले शुक्रबार नेपाल एपिएफ क्लबलाई ३-१ को सेटमा स्तब्ध बनाएको हो। मणिमुकुन्दले पहिलो सेटमा एपिएफलाई २८-२६ ले हरायो। एपिएफ दोस्रो खेलमा फर्कँदै मणिमुकुन्दमाथि २५-१६ को जित निकाल्यो। मणिमुकुन्दले तेस्रो र चौथो सेट २५-२१ र २५-२२ ले जित्दै खेल आफ्नो पक्षमा राख्यो। तीन विदेशी खेलाडी रहेको मणिमुकुन्द आफ्नो पहिलो खेलमा पुलिससँग पराजित भएको थियो।

यसैगरी, गण्डकीले त्रिभुवन आर्मी क्लबलाई २५-१९, २५-१७ र २५-१८ ले पाखा लगायो। गण्डकीको यो दोस्रो जित हो। गण्डकीले पहिलो खेलमा कोशी प्रदेशलाई हराएको थियो। आर्मीले लगातार दुई खेलमा हार सामना गरेको छ। हेल्प नेपालले सुदूरपश्चिम प्रदेशमाथि ३-० ले हरायो। हेल्प नेपालले आर्मीलाई पहिलो खेलमा ३-० को सोझो सेटमा हराएको थियो। हेल्प नेपालको यो दोस्रो जित हो। पुलिसले कोशीलाई ३-० ले निराश बनाएको छ। महिलातर्फ साबिक विजेता पुलिस र न्यु डायमन्ड विजयी भएका छन्। पुलिसले एभरेस्ट भलिबल क्लबलाई ३-० को सोझो सेटमा निराश बनायो।

१४ टोली सहभागी

नेपाल भलिबल संघले पोखरामा पहिलोपटक आयोजना गरेको प्रतियोगितामा पुरुषतर्फ आठ र महिलामा ६ टोलीले भाग लिइरहेका छन्। सहभागीले एक-अर्कासँग खेलेपछि अंकतालिकाको शीर्ष चारमा रहने टोलीले सेमिफाइनलमा प्रवेश गर्नेछन्। पुरुष र महिलातर्फका विजेताले समान आठ लाख र उपविजेताले चार लाख पाउनेछन्। तेस्रो टोलीले दुई लाख रुपैयाँ प्राप्त गर्नेछ। सर्वोत्कृष्ट खेलाडीले समान ५० हजार तथा विधागत उत्कृष्टमा समान २५ हजार रुपैयाँ पाउनेछन्। पुरुष र महिलातर्फका विजेता टोलीले नेपालको प्रतिनिधित्व गर्दै काभा क्लब च्याम्पियन्स लिगमा प्रतिस्पर्धा गर्नेछन्।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com